२०६९

# सहभागितात्मक ग्रामीण लेखाजोखा सञ्चालन सम्वन्धी हाते पुस्तिका




नेपाल सरकार

सहकारी तथा गरिवी निवारण मन्त्रालय

पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना,

आयोजना समन्वय एकाइ,

नेपालगन्ज, वाँके

# प्राक्कथन

# विषय सूची


| विषय तथा विवरण | पेज नं. |
|---|---|
| १.१ परिचय तथा भूमिका | ५ |
| १.२ आयोजनाको सङक्षिप्त परिचय | ५ |
| २. सहभागितामूलक ग्रामीण लेखा जोखा (पि.आर.ए.) | ६ |
| २.१ पि.आर.ए. विधि र आर.आर.ए. विधि मा फरक | ७ |
| २.२ पि.आर.ए. का विशेषताहरू | ७ |
| २.३ पि.आर.ए. विधिको प्रयोगमा सावधानीहरू | ८ |
| ३. विकास प्रक्रिया थालनीमा ध्यान दिनुपर्ने कुराहरू | ९ |
| ४. समुदाय सशक्तीकरण | १० |
| ५. सशक्तीकरणका लागि समूहगत वा सङस्थागत विकास | १० |
| ५.१ समूहगत वा सङस्थागत विकासको लक्ष्य | १० |
| ५.२ सशक्त समूहगत वा सङस्थागत विकासका उद्देश्यहरू | १० |
| ६. साझेदारी | ११ |
| ६.१ साझेदारी निर्माण हुनाका कारणहरू | ११ |
| ६.१.१ सैद्धान्तिक वा दार्शनिक दृष्टिकोण | ११ |
| ६.१.२. व्यावहारिक दृष्टिकोण | ११ |
| ६.२ साझेदारी सुहाउँदो कार्य | ११ |
| ७. सहभागिता | १२ |
| ७.१ सहभागिता किन ? | १२ |
| ८. समुदाय सशक्तीकरण वा विकास प्रक्रियामा सहजकर्ताको भूमिका | १३ |
| ८.१ सामाजिक सशक्तीकरण गर्न खटिएका सहजकर्ताहरूले विचार गर्नु पर्ने कुराहरू | १३ |
| ९. सञ्चार | |
| ९.१ विकास सञ्चारको उद्देश्य | १४ |
| ९.२ सञ्चारको अंङहरू | १४ |
| ९.३ सञ्चार प्रक्रियामा देखापर्ने कार्यहरू | १५ |
| ९.४ सञ्चारले कसरी सशक्तीकरण गर्छ ? | १५ |
| १० सहभागितात्मक ग्रामीण लेखाजोखा गर्ने प्रचलित औजारहरू | |
| १०.१ नक्साङ्कन | १६ |
| १०.२ समयरेखा | २० |
| १०.३ समूह छलफल | २१ |
| १०.४ समूह छलफलको प्रक्रियाहरू | २१ |
| १०.५ अर्ध सङठित अन्तर्वार्ता | २३ |

१०.६ सम्पन्नता स्तरीकरण २३
१०.७ अति गरीव, गरीव, मध्यम वर्ग र सम्पन्न घर परिवारका सूचकहरू २४
१०.८ प्रवाह चित्र २८
१०.९ चपाती चित्र २९
१०.१० प्राथमिक्रा स्तरीकरण ३०
१०.११ अवलोकन भ्रमण ३१
१०.१२ मौसमी पात्रो ३२
११ थप औजार तथा तालिकाहरू
११.१ खाद्धान्नको उत्पादन सम्वन्धी सूचना तालिका ३३
११.२ तरकारी वालीको उत्पादन सम्वन्धी सूचना तालिका ३३
११.३ फलफुलको उत्पादन सम्वन्धी सूचना तालिका ३३
११.४ उपजको आयात तथा निर्यात सम्वन्धी सूचना तालिका ३४
११.५ जडीवुटी तथा गैर काष्ठ वन पैदावार को निर्यात सम्वन्धी सूचना तालिका ३४
११.६ कवुलियती वन क्षेत्र को उपायोग सम्वन्धी सूचना तालिका ३४
११.७ सामुदायिक पूर्वाधार सम्वन्धी सूचना तालिका ३५
११.८ ब्यावसायिक तालिम प्राप्त जनशक्ति सम्वन्धी सूचना तालिका ३५
११.९ कृषी प्रणालीमा प्रविधिको प्रयोग सम्वन्धी सूचना तालिका ३५
११.१० पशु विकासको लागि प्रविधि उपयोग सम्वन्धी सूचना तालिका ३६
११.११ कवुलियती वन विकासका लागि सिँचाइ प्रविधि सम्वन्धी सूचना तालिका ३६
१२ सूचना आदान प्रदान
१२.१ सूचना आदान प्रदान सम्वन्धी योजना चरण ३६
१२.२ सूचना आदान प्रदान चरण ३७
१२.३ सूचना विश्लेषण चरण ३७
१२.४ सूचना सङ्कलन समूह गठन ३७
१३. सामाजिक कार्यर्क्रामा हुनुपर्ने गुणहरू ३८
१४. प्रतिवेदन तयारीको नमुना ३८
१५. योजना ४०
१६. वर्तमान अवस्था पहिचान ४३
१७. अनुसूचीहरू

## *१.१ परिचय तथा भूमिका*

नेपाल सरकारको स्थानीय विकास मन्त्रालय अन्तर्गत पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना कृषी विकासका लागि अन्तर्राष्ट्रिय कोषको (IFAD) कार्यकारी वोर्डवाट वि.स. २०५७ पौषमा लचकदार ऋण संयन्त्र (Flexible lending mechanism) अन्तर्गत स्वीकृत भई २०५८ वाट लागु भएको थियो । यो आयोजना पहिलो तथा दोस्रो चरण अन्तर्गत मध्य र सुदूर पश्चिम क्षेत्रका ११ वटा पहाडी र हिमाली जिल्लामा क्रियाशील थियो । गरिवी निवारण हाम्रो विकास प्रयासको मूल चुनौतीको रूपमा रहेको छ । भौगोलिक, आर्थिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त हाम्रो जस्तो देशमा गरिवी घटाउन गरीने प्रयास पनि स्थानविशेष अनुसार फरक फरक हुन् जरूरी छ । यसै विषयलाई दृष्टिगत गरी देशको मध्य र सुदूर पश्चिम क्षेत्रका पहाडी जिल्लाहरूमा रहेको सामाजिक तथा आर्थिक असमानतालाई कम गर्दै त्यस क्षेत्रमा वसोवास गर्ने जनताको जीवनस्तर उठाउँने प्रयास स्वरूप आयोजनाको पहिलो तथा दोस्रो चरण नेपाल सरकार, स्थानीय विकास मन्त्रालय अन्तर्गत कृषी विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agriculture Development - IFAD) को सहयोगमा पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना सञ्चालनमा रहेको थियो । हाल यो आयोजना आफ्नो दोस्रो चरणको सफलतापूर्वक समापन पश्चात आ.व. २०६९।७० देखि २०७२।७३ तदनुसार 16 July 2012 to 15 July 2016 सम्मको लागि नेपाल सरकारको सहकारी तथा गरिवी निवारण मन्त्रालयको प्राविधिक सहयोगमा वझा□, वाजुरा, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट, रूकुम र रोल्पा गरी जम्मा ८ जिल्लाहरूमा आयोजना लागु भएका गाविस सङ्ख्या १५३ मा मात्र तेस्रो चरण अन्तर्गत आयोजना सम्वद्ध कार्यक्रम सञ्चालनमा छ ।

आयोजना लागु भएको गाविसहरूको वर्तमान अवस्था पहिचान गरी सोको आयोजनाको अन्तमा प्रतिफल मूल्याङ्कन तथा यस आयोजनाको सहयोगमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमध्ये समुदाय सशक्तीकरण संभाग अन्तर्गत आयोजना लागु भएको प्रत्येक गाउँ विकास समितिको लागि त्रिवर्षीय सामुदायिक लगानी योजना तयार गर्ने सिलसिलामा गा.वि.स.को सहभागितात्मक लेखाजोखा गर्न प्रमुख भूमिका निर्वाह गर्ने ब्यक्ति तथा सङघसङस्थालाई आवश्यक मार्गदर्शन गरी कार्यक्रम कार्यान्वयनमा एकरूपता ल्याउने उद्देश्यले यो सहभागितात्मक ग्रामीण लेखाजोखा सञ्चालन सम्वन्धी हाते पुस्तिका २०६९ तयार गरीएको छ ।

## *१.२ आयोजनाको सङक्षिप्त परिचय*

यस आयोजनाको सञ्चालन गर्न नेपाल सरकार र कृषी विकासका लागि अन्तर्राष्ट्रिय कोष विच ५ फेब्रुअरी २००२ मा सम्झौता भई १ जनवरी २००३ देखि प्रथम चरणको पहिलो वर्षमा जुम्ला, हुम्ला, वझाङ, वाजुरा तथा प्रथम चरणकै चौथो वर्षमा मुगु, डोल्पा, कालिकोट, जाजरकोट र दोस्रो चरणको दोस्रो वर्षमा दैलेख, रूकुम र रोल्पा गरी ११ जिल्लाहरूमा यो कार्यक्रम लागु भएको थियो । हाल आयोजनाको तेस्रो चरणमा जुम्ला, मुगु तथा डोल्पा जिल्लावाट कार्यक्रम वहिर्गमन गरी वाँकी ८ जिल्लामा मात्र कार्यक्रम सञ्चालन गरीरहेको छ । यसरी IFAD को ऋण तथा नेपाल सरकारको लगानीमा सञ्चालित यस आयोजनाका कार्यक्रमहरूको कार्यान्वयनमा नेपाल सरकार, स्थानीय निकाय, सहकारी सङस्थाहरू, गैरसरकारी सङस्थाहरू र निजी क्षेत्र समेतको सहयोगको अपेक्षा गरीएको छ ।

*२. सहभागितामूलक ग्रामीण लेखाजोखा (पि.आर.ए.)*

समुदायविच विकास सहयोगी अर्थात सामाजिक सहजकर्त्ताकोरूपमा काम गर्दै आएका व्यक्तिहरूको लामो समयको अनुभवका आधारमा पि.आर.ए.को दार्शनिक तथा व्यावहारिक पक्षको विकास भएको हो । काम गर्दै जाँदा सिकेको अनुभवका आधारमा त्रुटी, कमी, कमजोरी हटाँउदै कार्यक्रममा सुधार गर्दै जाने पि.आर.ए.को मुख्य मान्यता हो । यसैकारण पि.आर.ए. प्रयोगकर्त्ताहरू सिक्ने र सिक्न खोज्ने प्रवृतिलाई यसको धर्म मान्दछन् ।

विगतका विकास अवधारणाहरूले नचाहँदा नचाहँदै पनि समुदायविच सशक्तीकरणको वदला निरन्तर वाहय निर्भरता वृद्धि भएको महसुस गरी एक पटकको विकास को सट्टा निरन्तर विकासका लागि प्रक्रियागत चरणवद्ध विकासको सोचाइ राख्ने यो पि.आर.ए. अवधारणा लोकप्रिय भएको छ ।

पि.आर.ए., द्रुततर ग्रामीण लेखाजोखा (आर.आर.ए.) जस्तो सूचना सङ्कलनको नयाँ पद्धति मात्र होइन । आर. आर.ए. जसरी नै पि.आर.ए. को विधिवाट छिटो समयमा सूचना सङ्कलन गर्न सकिन्छ तर पि.आर.ए. सहभागितामा कार्यसम्पादन गरीने अभ्यास भएको हुँदा यसको प्रयोग गर्दा छिटो कार्य सम्पादनमा भन्दा रमाइलो र लचिलो तरिकावाट सूचना सङ्कलन गर्नु राम्रो मानिन्छ ।

पि.आर.ए. भन्दा धेरै अघिदेखि आर.आर.ए. सुरू भई सके पनि यस पि.आर.ए. प्रति जनचासो र विश्वास वढ्नुको पछाडीका कारणहरू मध्ये यसको लचिलोपन पनि एक हो । पि.आर.ए. लोकप्रीय हुनुको अर्को कारण यसमा समावेश भएको 'सहभागितामूलक' शब्द हो । सूचना सङ्कलन, सूचना विश्लेषण, कार्यक्रम छनौट, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता आयोजनाका हरेक क्रियाकलापहरूको क्षेत्रमा पि.आर.ए.ले आयोजनाका लक्षित लाभान्वित समूहको सहभागिता खोज्दछ । यसरी आयोजनाको हरेक चरणमा लक्षित समूहको सहभागिता जुट्नु वा जुटाउनु पि.आर.ए.को मर्म हो ।

सकारात्मक सोधखोज (Appreciative Inquire AI) को विचार करिव सन १९८० तिर आएको हो । वेस्टर्न रिजर्भ विश्वविद्यालयका प्रोफेसर डेभिड कुपाराइडर र अन्य व्यक्तिहरूले यो धारणा र नमुनाको विकास गरेको पाइन्छ । डा. रवर्ट च्याम्वरर्स र अन्य विशेषज्ञहरूको व्यावहारिक अनुभववाट पि.आर.ए. को विकास भएको हो । सन १९७० को अनुसन्धानमा केही नपुग देखिए पछि अफ्रिका र अन्य मूलुकको अनुभव पछि थाइल्याण्डको एक विश्वविद्यालयमा सन १९८५ मा भएको गोष्ठी पछि Rapid Rural Apprisal -RRA वाट Participatory Rural Apprisal -PRA भनिन थालिएको हो । नेपालमा यस विधिको प्रयोग पहिलो पटक सन १९९७ मा दि माउन्टेन इन्स्टिच्युटले लाङटाङ र मकालु वरूण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा गरेको थियो ।

"*सहभागितामूलक ढङगले सत्कर्मको खोजी गरी भविष्यमा देखिन जाने वास्तविकतामा आधारित इच्छा, चाहना तथा सपनाहरूको सङ्कलनवाट गरीने वार्षिक कार्य, व्यक्तिगत प्रतिवद्धतालाई संलग्न गराउँदै तुरून्त सोही दिन, सोही वेला, सोही स्थानमा केही समयमा गरीने सवैङ्को सन्तुष्टि सहीतको सामूहिक सूचना सङ्कलन सहीतको लेखाजोखा नै सकारात्मक सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयन (पि.आर.ए.) हो ।*" स्रोतः–सहभागिता, वर्ष ४, अङ्क २/३, २०५५

## *२.१ पि.आर.ए. विधि र आर.आर.ए. विधि मा फरक*

| क्र.सं. | भिन्नताका आधारहरू | द्रुत ग्रामीण लेखाजोखा (RRA) | सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) |
|---|---|---|---|
| १ | विधिको विकास | १९७० को दशकको अन्तदेखि १९८० को पहिलो अवधिसम्म | १९८० को दशकको अन्तदेखि १९९० को दशकको अन्तसम्म |
| २ | खोजकर्ताहरू | विश्वविद्यालयहरू | गैर सरकारी सङ्घ सङ्स्थाहरू |
| ३ | प्रयोगकर्ताहरू | दातृ निकाय र विश्वविद्यालयहरू | गैर सरकारी तथा समुदायकोविचमा काम गर्ने सरकारी निकायहरू |
| ४ | उपलब्धि र पहिचानको आधार | स्थानीय समुदायको ज्ञान लिने | स्थानीय समुदायको ज्ञान र विश्लेषनात्मक क्षमताको वृद्धि |
| ५ | मुख्य खोजको आधार | पद्धति र तरिका | व्यवहार |
| ६ | विधि उपयोगको तौर तरिका | सोध्ने, थुत्ने र लिने | सहयोगी, सहजिकरण र सहभागिता |
| ७ | मुख्य उद्देश्य | वाहिरियाले सिक्ने | स्थानीय व्यक्तिहरू सशक्तिरण हुने् । |

## *२.२ पि.आर.ए. का विशेषताहरू*

क) सहभागितामूलक कार्य सम्पादन गराउने ।
ख) त्रिकोणात्मक जाँच गरी सूचना सङ्कलन गरीने ।
ग) आवश्यक्ता अनुसारको लचक्ता अपनाउन सकिने ।
घ) स्थानीय सूचनाको अधिक्रम प्रयोग ।
ङ) समुदायमै विश्लेषण गरीने ।
च) वहुविषयक टोलीको परिचालन तथा विविध विधिको सँगालो ।
छ) नोटवुक संस्कृतिको परित्याग ।
ज) समुदायसँग समुदायमै अभ्यास गरीने ।
झ) स्थानीय  साधनको अधिक्रम प्रयोग र वास्तविक्तामा आधारित ।

### *२.३ पि.आर.ए. विधिको प्रयोगमा सावधानीहरू*

सहभागितामा आधारित ग्रामीण लेखाजोखा गर्न जाँदा ध्यान दिनुपर्ने पक्षहरू

<u>क) समय</u> ः पि.आर.ए. गर्दा सकभर समुदायको फुर्सतको समयलाई उयोग गर्ने गरी समयको निर्धारण गरीनु पर्छ । अन्यथा सवै वर्ग, तह र तप्काका ब्यक्तिहरूको सहभागिता हुन् सक्ने सम्भावना न्यून हुनुसक्छ । यसो भएमा लेखाजोखा त्रुटीपूर्ण हुनुसक्ने प्रवल सम्भावना रहन्छ । सकभर समुदायको फुर्सतकै समयसीमाभित्र लेखाजोखा सम्पन्न गरीसक्नुपर्ने हुन्छ नसके अर्को दिनको फुर्सतकै समय समुदायसँग लिनु पर्ने हुन्छ ।

<u>ख) स्थान</u> ः सकभर समुदायमा भएको खुला ठाउँ, सामुदायिक दलान वा चौतारामा लेखाजोखा गर्दा वढी भन्दा वढी सहभागिता हुने् सम्भावना हुन्छ, जसले गर्दा सूचनाको यथार्थता र स्वीकार्यतामा योगदान पुग्न सक्छ ।

<u>ग) सहभागिताको स्तर</u> ः ग्रामीण लेखाजोखा गर्न आउने सहभागी जम्मा दुई सोचका हुन्छन् ।

१. <u>नकारात्मक वा वाधक सोच भएकाहरू</u> ः पहिचानको सूचकहरू जस्तै आफ्नो विचार ब्यक्त नगर्नेहरू, नकारात्मक सोंच भएका, डाह गर्ने प्रवृतिका, भ्यागुते प्रवृतिका, कुरा लगाउँने, अप्रत्यक्षवादी चरित्र भएका, आफ्नो मान खोज्नेहरू तथा अरूको भलो नचिताउने आदि स्वभावका यस्ता सहभागीहरूको पहिचान उसको कुरा गराई तथा हाउभाउवाट स्पष्ट हुन्छ र त्यस्ता सहभागीहरूसँग सावधान रहनु पर्ने हुन्छ ।

२. <u>सकारात्मक वा स्रिजेनात्मक सोच भएकाहरू</u> ः पहिचानको सूचकहरू जस्तै नयाँ जोस भएका, जोसिला, खोजीकर्ता, समन्वयकारी, अरूको कुरा सुन्ने र वुझ्ने, सृजनशील स्वभावका, आशावादी, अनुभवी, सेवा भाव भएका, उदारवादी, सुधारवादी तथा दिशानिर्देश गर्न सक्ने क्षमतावान् आदि सहभागीहरूलाई पहिचान गरी वढी भन्दा वढी सक्रिय गराउनु पर्ने हुन्छ । जसले गर्दा वास्तविक्तामा आधारित सूचना सङ्कलन तथा योजना तर्जुमा गर्न सकिन्छ ।

<u>घ) समुदायको वुझाइ</u>

१) समुदायलाई स्वयं परिवर्तनको संवाहकको रूपमा वुझाई प्रदान गर्ने ।

२) समुदाय आफैँले आफ्नो जीवनलाई परिवर्तन गर्न निर्णय गर्नुपर्छ भन्ने मान्यता विकासको लागि सहजिकरण गर्ने ।

३) परिवर्तनका लागि समुदाय आफैँ सक्षम छन् भन्ने कुरामा विश्वासको वातवारण वनाउने, सहजिकरण गर्ने ।

४) वाहिरीया कुरामा विकासे कार्यकर्ता, विकासे आयोजना तथा कार्यक्रमहरू, सङ्घ सङ्स्थाहरू भनेका केवल विकास कार्यकालागि सहयोगी मात्र हुन् भन्ने वुझाईको आधारस्तम्भ खडा गर्न सहजिकरण गर्ने ।

<u>ङ) कार्य विभाजन ः</u>

पि.आर.ए. कहिल्यै पनि एक्लै गर्नु हुँदैन । पि.आर.ए. गर्न जाँदा दुई या तीन जनाको समूहमा सहजकर्ताहरू जानुपर्ने हुन्छ । लेखाजोखा गर्न सहजिकरण गर्ने सहजकर्ता, सवैलाई एकै पक्षमा लाग्न सचेतकर्ता तथा सूचना सङ्कलन गर्न टिपोटकर्ताको रूपमा कार्य विभाजन गर्नुपर्ने हुन्छ जसले गर्दा काम गर्ने सिलसिलामा असमञ्जस्यतामा परिँदैन र लक्ष्य अनुरूपको कार्य सम्पन्न गर्न सकिन्छ ।

यसरी पि.आर.ए. गर्नु पूर्वको वातावरण अनुकूल वनाएमा लेखाजोखा सजिलो हुन् जान्छ ।

*३. विकास प्रक्रिया थालनीमा ध्यान दिनुपर्ने कुराहरू*

कुनै पनि विकास प्रक्रिया सञ्चालन पूर्व निम्न वमोजिमका विषयहरूमा ध्यान पुऱ्याउनु पर्दछ ।

क) कार्यक्रम स्थल छनौट वा चयन ः

विकास अभियानभित्र थुप्रै कार्यक्रम पर्न सक्दछन् । यस प्रकारको अभियानले ऋी क्षेत्र समेट्ने हो र त्यस क्षेत्रभित्र कस्ताकस्ता कार्यक्रम कहाँकहाँ सञ्चालन हुने हुन् सोको पहिचान गरीनु पर्दछ ।

ख) प्रारम्भिक अवलोकन भ्रमण ः

कार्यक्रम स्थलको छनौट गरीसकेपछि गाउँ समुदायवारे सामान्य पहिचान वनाउन कार्यक्रम स्थलको प्रारभ्भिक अवलोकन भ्रमण गरीनु पर्दछ ।

ग) सूचना वा जानकारी सङ्कलन ः

कार्यक्रम सञ्चालन पूर्व कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्वन्धी आवश्यक आधारभूत सूचना सङ्कलन गर्नुपर्दछ ।

घ) सूचना विश्लेषण ः

सङ्कलन गरीएका सूचना यथार्थतामा आधारित भई विश्लेषण गर्नुपर्दछ ।

ङ) अवसरको पहिचान ः

सूचना विश्लेषण गर्दा खासगरी राम्रा पक्षहरूको पहिचान गर्ने प्रयास गरीनु पर्दछ । अवसर पहिचान गरेपछि त्यस्ता अवस्था वा अवसर वारे विस्तृत जानकारी सङ्कलन गर्नुपर्दछ ।

च) समस्याको पहिचान ः

सूचना विश्लेषण कै क्तममा हाल विद्यमान तथा भविष्यमा देखापर्न सक्ने समस्या वा चुनौती केही छन् भने त्यस्ता समस्या वा चुनौति वारे विस्तृत जानकारी  प्राप्त गर्ने प्रयास गर्नु पर्दछ अर्थात समस्यालाई केलाएर हेर्नुपर्दछ ।

छ) कार्यक्रम तर्जुमा ः

सङ्कलन गरीएका सूचनाका आधारमा कार्यक्रम तर्जुमा गर्नु पर्दछ । तर यो लक्षित वर्गहरूले दिएको सूचनामा आधारित भएर गरेको हुनुपर्छ ।

ज) कार्यक्रम कार्यान्वयन ः

कार्यक्रम कार्यान्वयन गर्दा निश्चितरूपले कार्यक्रममा उल्लेखगरेवमोजिम कहाँ, कहिले, कसरी, कस्ले र ऋीमा जस्ता प्रश्नहरूको हल हुने गरी गरीनु पर्दछ ।

झ) अनुगमन ः

कार्यक्रम निर्माण गर्दाको वखत अनुगमन प्रक्रियाको स्पष्ट ब्याख्या गरीएको हुनु पर्दछ ।

ञ) पृष्ठपोषण ः

कार्यक्रम अनुगमन तथा मूल्याङ्कनवाट देखिएका उपलब्धी सम्वन्धित पक्षलाई उपलब्ध गराउने ब्यवस्था भएमा अरू प्रभावकारी हुन् सक्दछ ।

## ४. समुदाय सशक्तीकरण (Community empowerment)

विद्यमान असमानता तथा गरिवी कम गर्दै जीवनको गुणस्तरमा दिगो सुधार ल्याउनको लागि गरीने प्रयास विकास हो । जिन्दगीमा केही न केही गर्नै पर्छ नभन्ने सायदै कोही होला, तर केही गरीहाल्ने भने निक्कै कम हुन्छन् । केही गर्न एक्लैको हिम्मत पुग्दैन, सिप हुनै सँग साधन नहोला, साधन हुनै सँग अक्कल नहोला । यी सवै सिप, साधन, जुक्ति एक ठाउँमा जुटाउन सके एउटाको मात्र होइन धेरैको जीवनशैलीमा दिगो परिवर्तन आउन सक्दछ ।

विद्यमान अवस्थाको निरन्तर विश्लेषण गरी आफूभित्र रहेको क्षमता तथा साधनको उच्चतम परिचालनवाट पहुँचमा वृद्धि गरी अज्ञानता, असमानता तथा गरिवी कम गर्दै जीवनशैलीमा क्रमिक सुधार ल्याउन र स्तस्फूर्त रूपले सङठित भएर सेवाग्राही स्वयंवाट गरीरहने निरन्तर प्रयास नै समुदाय सशक्तीकरण हो । समुदाय सशक्तीकरण प्रक्रिया सामुदायिक विकासको लागि गरीने आन्तरिक प्रयास हो जसलाई सिलसिलेवार ढङगले विकासको आधुनिक पद्धति अनुसार गरिन्छ । तसर्थ समुदाय सशक्तीकरण समुदायको प्रक्रियागत विकास हो ।

## ५. सशक्तीकरणका लागि समूहगत वा सङस्थागत विकास

समुदायको वर्तमान अवस्थालाई सुधार गर्नको लागि सीमित उद्देश्य पूर्तिको लागि सामुदायिक सङस्थाहरू सङस्थागत विकासको झलक मात्र हुनसक्छन् नकि सङस्थागत विकास । जस्तै समुदायभित्र गठित विभिन्न उपभोक्ता समूह, पूजा समिति, सांस्कृतिक सेवाका लागि समिति, उप समिति तथा विभिन्न आयोजना सम्वद्ध समिति, समूह तथा सङस्थाहरू । समुदायविच स्वविकास प्रति उत्सुक्रा र संलग्नताको भावना वढ्न गई आफू आफू स्वतस्फुर्त रूपले सङठित भई समूह या सङस्था गठनगरी स्वहितका लागि स्वयं कार्यक्रम सञ्चालन गर्नु अर्थात यसरी कुनै आयोजना अथवा समुदाय स्वयमको सकृयतामा दिगो समूह वा सङस्था गठन गरी सो मार्फत चिरकाल सम्म सामूहिक हितमा कार्यक्रमहरू सञ्चालन हुनु सशक्त समूहगत वा सङस्थागत विकास हो ।

### ५.१ समूहगत वा सङस्थागत विकासको लक्ष्य

स्वतस्फूर्त रूपले सङठित समुदायविच समूह वा सङस्था विकास गर्नु र समूह वा सङस्था मार्फत सामूहिक हितका कार्यक्रमहरू सञ्चालन गर्नु अथवा भिन्नरूपले (आर्थिक, सामाजिक, वौद्धिक र शारीरिक) आसक्तलाई सशक्त तुल्याउनु सङस्थागत विकासको मूल लक्ष्य हो ।

### ५.२ सशक्त समूहगत वा सङस्थागत विकासका उद्देश्यहरू

१. विकासका कार्यक्रमहरूलाई निरन्तरता दिनु ।
२. सदस्यहरूलाई क्रियाशील तथा रचनात्मक वनाई राख्नु ।
३. सदस्यहरूमा सँगठनात्मक क्षमता विकास गर्नु ।
४. कार्यक्रमका सवै चरण (सूचना सङ्कलन, विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन) मा सदस्यहरूलाई सहभागी वनाउनु ।
५. वाह्य तथा आन्तरिक स्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्नु ।
६. स्थानीयस्तरको सवै तह मा नेतृत्व विकास गर्नु ।
७. अन्य सङघ सङस्थाहरूविच समन्वय स्थापना गर्नु ।
८. समुदायको हितमा एकीकृत कार्यक्रम सञ्चालन गर्नु ।

## ६. साझेदारी

दुई वा दुई भन्दा वढी व्यक्ति, सङस्था वा समूहविचको एक प्रकारको सम्वन्ध साझेदारी हो । साझेदारी सम्वन्धमा आवद्ध पक्षहरूलाई साझेदार भनिन्छ । साझेदारहरूविचको सहमतिमा साझेदारीको सम्वन्ध वन्छ । साझेदारी परस्पर सम्मान, सहयोग, जिम्मेवारी तथा जवाफदेहीमा आधारित हुन्छ । निश्चित उद्देश्य प्राप्ति का लागि स्वइच्छाले आपसी सहमतिका आधारमा स्थापना गरीने साझेदारी सम्वन्ध साधारण तथा एकैप्रकारको वा एकअर्काको पुरक भूमिका निभाउन व्यक्ति समूह वा सङस्थाहरूविच स्थापना हुन्छ । पूर्व लक्षित उद्देश्य अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्ने आवश्यक्रा हेरी नगदी, भौतिक सामग्री, उपयोगी ज्ञान, सिप, सल्लाह, श्रम, नैतिक समर्थन वा अनुभव आदान प्रदान गर्न वा जुटाउने सहमतिमा साझेदारी निर्माण भएको हुन्छ ।

### ६.१ साझेदारी निर्माण हुनाका कारणहरू

#### ६.१.१ सैद्धान्तिक वा दार्शनिक दृष्टिकोण

यस दृष्टिकोणवाट हेर्दा साझेदारी निम्न उद्देश्यवाट अभिप्रेरित देखिन्छ ।

क) समुदायको विकास तथा प्रवर्द्धन गर्नका निम्ति सहभागिता जुटाउन ।

ख) विकास प्रक्रियालाई निरन्तरता दिन ।

ग) विकासप्रति सवै तहमा तहगत संकल्प र जवाफदेही सुदृढ गर्न ।

#### ६.१.२. व्यवहारिक दृष्टिकोण

क) सवैस्तर (स्थानीय वा वाह्य) मा भएको क्षमताको उच्चतम परिचालन गर्न ।

ख) सवैस्तर (स्थानीय वा वाह्य) का सङस्थाहरूविच सम्वन्ध सुदृढ गर्न ।

ग) विकासको कार्यमा मितव्ययिता अपनाउन ।

घ) स्थानीय सामाजिक तथा सास्कृतिक मूल्य र मान्यताप्रति संवेदनशील हुनुपर्छ भन्ने भावना समाजभित्र सुदृढ गर्न ।

ङ) समुदाय सशक्तीकरणको प्रक्रियालाई निरन्तरता दिन ।

च) समुदाय सशक्तीकरणको प्रक्रियालाइ छिटो र प्रभावकारी रूपमा सञ्चालन गर्न ।

### ६.२ साझेदारी सुहाउँदो कार्य

१. निश्चित भौगोलिक क्षेत्रभित्र एकीकृत विकासको लागि दीर्घकालीन कार्यक्रम सञ्चालन गर्न ।

२. निर्दिष्ट मुद्दाहरूसँग सम्वन्धित नीतिगत अनुसन्धान तथा वकालत गर्न ।

३. लक्षित समूहविच सञ्चालन गरीएका कार्यक्रममा देखापर्ने नौला कुराहरूको वारेमा सिकाइको विकास तथा अनुसन्धान गर्न ।

## ७. सहभागिता

जसको सशक्तीकरण गर्न खोजिएको हो उनीहरूवाट नै विकास कार्यक्रमका सम्पूर्ण प्रयास हुनु नै सहभागितात्मक विकास हो । यस्तो विकासलाई जनस्तरमा आधारित विकास भन्ने गरिन्छ । विकास भनेको एकपटकको घटना होइन, निरन्तर चलिरहने प्रक्रिया हो भनेर मान्ने हो भने निश्चित रूपले विकास हुनुपर्छ । विकास हामीले गर्नुपर्छ । हामी मिलेर गर्न सक्छौ । अव हामी गर्छौं । हामी यसरी हाम्रो निम्ति आएका विभिन्न कार्यक्रमहरू अगाडी वढाउँछौ भन्ने जस्ता कुराको तत्काल सशक्तीकरण चाहिएको समूहविच छलफल वा चासोको प्रयास हुनु सहभागितात्मक विकास हो ।

### ७.१ सहभागिता किन ?

(क) सामूहिक कार्य सम्पन्न गर्न ।

(ख) आफूले आफूलाई परिचालन गर्न ।

(ग) साझेदारी कायम गर्न ।

(घ) आफूनो मत जाहेर गर्न ।

(ङ) सूचना आदान प्रदान गर्न ।

(च) थालेको कार्य समयमा सम्मपन्न गर्न ।

(छ) संयुक्त विचारको स्थापना गर्न वा सहमति जुटाउन ।

(ज) संयुक्त सिकाइ को अभ्यास गर्न ।

(झ) सवैलाई स्वामित्ववोध गराउन ।

(ञ) सवैङको जिम्मेवारीवोध गराउन ।

(ट) आफ्नो आत्मविश्वास दृढ वनाई स्वयंलाई सशक्त र सक्षम वनाउन ।

सहभागिता यस्तो क्रियाकलाप हो जसले ब्यक्तिमा Confidence को स्तर उच्च वनाउन मदत गर्छ । समाजमा रहेका गरिव विपन्न तथा पछाडी परेका वर्गको सवै भन्दा कमजोर confidence नै हुन्छ । "Confidence cross all breaker" अर्थात कुनै पनि वाधा पार गर्न आफूमा आत्म विस्वास हुनु पर्छ । आत्मविश्वास सहभागिताको output हो । 'Confidence provide capacity to fight againqm poverty' तसर्थ भरसक सवै लक्षित वर्गलाई उसको योग्य विकास कार्यमा अनिवार्य सहभागिता गराउनु पर्छ ।

## ८. समुदाय सशक्तीकरण वा विकास प्रक्रियामा सहजकर्ताको भूमिका

१. समुदायको विकासमा निस्वार्थ भावनाले सहयोग गर्छु र जे जस्तो अवस्था आइपरेतापनि म विचलित हुन्न् छैन भन्ने आत्मविश्वास लिएर समुदायमा प्रवेश गर्ने ।

२. आफ्नो परिचय दिने समुदायका सदस्यहरूको परिचय लिने क्रम अघि वढाउँदै आफूलाई समाजविच स्थापित गर्दै जाने ।

३. समुदायसँग सम्वन्धित विविध विषयहरूमा जानकारी सङ्कलन गर्दै जाने र प्राप्त जानकारी समुदाय भित्रैवाट छानविनगरी थप प्रस्ट गर्दै लग्ने ।

४. विभिन्न कारणवस पछाडी परेको वा जोखिमपूर्ण जीवन विताउँदै आएका समुदाय सदस्यको पहिचान गर्ने र उनीहरूको अवस्था वारे विस्तृत विश्लेषण गर्ने ।

५. जसको लागि तत्काल सशक्तीकरण आवश्यक छ उनीहरूविच छलफल गर्न पटक पटक सभा आयोजना गर्ने र त्यस्तो सभा वा वैठक मा

- अवस्था विश्लेषण गर्ने ।
- किन यस्तो परिस्थिति सृजना भयो भन्ने वारे चेतनाको विकास गर्ने ।
- अव के गर्नु पर्ला भन्ने वारे उनीहरूवाटै प्रयास सुरूवात गर्न सहयोग गर्ने ।
- तत्काल दीर्घकालीनरूपमा के गर्न सकिन्छ भन्ने निचोड निकाल्ने ।

६. त्यसै वर्गहरूकोविचवाट समूह वा सङस्था गठन गर्नमा सहयोग गर्ने ।

७. समूह वा सङस्थाको नाम चयन गर्न सहयोग गर्ने ।

८. सदस्यतासम्वन्धी नीति तर्जुमा गर्न सहयोग गर्ने ।

९. भेटघाट, वैठक वा सभाको समय सम्वन्धी निर्णय गर्न सहयोग गर्ने ।

१०. समूह वा सङस्थाको उद्देश्य कार्यक्षेत्र पहिचान गर्न सहयोग गर्ने ।

११. सशक्तीकरण योग्य ब्यक्ति, समूह वा सङस्थाको उद्देश्य अनुरूपको कार्य गर्न सहयोग गर्दै जाने ।

## ८.१ सामाजिक सशक्तीकरण गर्न खटिएका सहजकर्ताहरूले विचार गर्नु पर्ने कुराहरू

१. समुदायमा समावेशी सहभागिताको विकासमा जोड दिने ।

२. सामुदायिक सशक्तीकरणमा प्रयास गर्ने ।

३. लैं□क सम विकासको दृष्टिकोण राख्ने ।

४. छलफल गर्दा खुला प्रश्न गर्ने र आफ्ना भावना थोपर्ने प्रयास नगर्ने ।

५. लक्षित वर्गहरूविच खुल्ला छलफलको प्रयास गर्ने ।

६. सशक्तीकरण योग्य लक्षित वर्गमा नेतृत्व विकासका लागि प्रयास गर्ने ।

७. स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको अधिक्रम परिचालनमा जोड दिने ।

८. दिगो विकासका लागि जोड दिने ।

९. समुदायमा भएको ज्ञान, सिप र क्षमताको कदर गर्ने ।

१०. छलफल गर्दा सकभर सवैले देख्ने, देखेर वुझ्ने चित्र, नक्सा, सामग्री आदिको प्रयोग गरी दृष्य प्रस्तुतिको प्रयास गर्ने ।

## ८. सञ्चार

कुनै खास उद्देश्य राखेर सूचना तथा जानकारी उपलब्ध गराउने प्रक्रिया सञ्चार हो । सूचना वा जानकारी उपलब्ध गराउने पक्ष तथा सूचना वा जानकारी प्राप्त गर्ने पक्षविच सूचना वा जानकारी प्रवाह हुनु पनि सञ्चार हो । यसैकारण सूचना वा जानकारीको विस्तारलाई सञ्चार भनिन्छ । विकासप्रति अभिमूखी सञ्चार विकास सञ्चार हो । सूचना सशक्तीकरणको प्रमुख आधार हो । यसर्थ पहिचान गरीएको सशक्तीकरण योग्य ब्यक्ति, समूह वा सङस्थाहरूलाई सूचना प्राप्त गर्ने अग्राधिकार हुन्छ । यसरी सूचना प्रदान गर्ने सञ्चारको तरिका सो वर्ग अनुकूल हुनु जरूरी छ । हाम्रो देशभित्र मजदुरको विज्ञापन गर्दा अङ्ग्रेजी भाषामा गरे के असर पर्छ ? यावत कुराको ध्यान दिई उपयुक्त सञ्चार गर्ने ।

### ८.१ विकास सञ्चारको उद्देश्य :

विकासप्रति लक्षित सञ्चारके मुख्य तीन उद्देश्यहरू ।

क) नीति निर्माताहरूलाई सशक्तीकरण गर्न योग्य, गरिव तथा छेउ किनार परेकाहरूलाई माझमा ल्याउने ।

ख) सशक्तीकरण गर्न योग्य, गरिव तथा छेउ किनार परेकाहरूलाई आफ्ना कुराहरू भन्न (मुख खोल्न) सक्ने वनाउन मदत गर्न ।

(ग) सशक्तीकरण लक्षित कार्यक्रमहरू वाास्तविक ब्यक्ति, समूह, सङस्थाका लागि निर्दिष्ट वा तोकिएको स्थानमा दिएको समय सीमाभित्र सम्पन्न गर्न ।

### ८.२ सञ्चारका अङ्गहरू

क) स्रोत (सूचना तथा जानकारी प्रवाह गर्ने पक्ष)

ख) सूचना तथा जानकारी गरीने विषयवस्तु

ग) माध्यम (जसको मार्फत सूचना तथा जानकारी प्रवाह गरिन्छ । सन्देशवाहक, सहजकर्ता, तालिम, अवलोकन, मोवाइल, टेलिफोन, ईमेल, इन्टरनेट, टि.भी., रेडियो, पत्र पत्रिका, पर्चा पम्पलेट, क्रिाव, प्रतिवेदन र चिठी पत्र आदि)

घ) सूचनाको लागि लक्षित समूह (सूचना प्राप्त गर्ने पक्ष) को पहिचान ।

### ८.३ सञ्चार प्रक्रियामा देखा पर्ने कार्यहरू

१) सूचना तथा जानकारी प्रवाह गर्ने पक्ष (स्रोत) को पहिचान ।

२) सूचना तथा जानकारी के प्रवाह गरीने हो सोको चयन ।

३) माध्यमको चयन ( कुन माध्यमवाट सूचना तथा जानकारी प्रवाह गरीने हो )

४) सूचना तथा जानकारी प्राप्तकर्ता (सूचना तथा जानकारी उपलब्ध गराईने पक्ष)

५) उद्देश्य किटान ( के उद्देश्य राखेर सूचना तथा जानकारी उपलब्ध गराउने हो )

६) पृष्ठपोषण (सूचना प्राप्तकर्ताले मात्र)

## *८.४ सञ्चारले कसरी सशक्तीकरण गर्छ ?*

सञ्चारले मानिसलाई सक्षम तथा सशक्तीकारण गर्न विभिन्न तरिकाले सघाउँछ ।

क) विद्‌यमान अवस्थाको विश्लेषण गरी सही निर्णय गर्न सक्ने वनाउँछ ।

ख) जीविकाका विकल्पहरू वारे सोच्ने वनाउँछ ।

ग) मानवीय मूल्य, मान्यता र अधिकारहरूवारे सजग वनाउँछ ।

घ) ज्ञान र सूचनाले मानिसको आत्मविश्वास वढाउँछ । सही र गलत छुट्‌याउन सक्ने वनाउँछ ।

ङ) व्यक्तिको आत्मसम्मान र गरीमा वढाउँछ ।

च) खराव कार्यलाई दुरूत्साहित गर्छ र असल काम गर्न प्रेरित गर्छ ।

छ) सामूहिकता र आत्मीयताको भाव वढाउँछ साथै समुदायको विकासमा जन सहभागिता वढाउँछ ।

ज) सहयोगी सङ्स्था तथा व्यक्तिहरू पहिचान गर्न सहयोग गर्छ ।

झ) विकासप्रति अभिप्रेरित वनाउँछ ।

ञ) एक अर्काविच अर्न्तक्रिया मार्फत सूचना आदान प्रदान गर्ने वानी वसाउछ ।

## *सहभागितात्मक लेखाजोखा गर्ने औंजारहरू*

### *१०.१ नक्साङ्कन*

सूचना सङ्कलन गर्दा वा सङ्कलन गरीएका सूचना प्रस्तुत गर्दा सकभर चित्र मार्फत दृष्य रूपमा गरीनु राम्रो मानिन्छ । चित्र वा नक्सामा देखाइएका विषयहरू जो सुकैले पनि चिन्न वुझ्न सक्ने भएकोले यस प्रकारको कार्यक्रममा धेरैको सहभागिता जुटाउन सकिन्छ । चित्र वा नक्सा मार्फत सूचना प्रदान गर्दा वा सूचना प्राप्त गर्दा आफूलाई वास्तविक्ताको नजिक पुगेको अनुभव हुन् भएकोले पनि Participatory Rural Appraisal (PRA) मा चित्र वा नक्साको प्रयोग वढदै गएको छ ।

### *गाउँको सामाजिक नक्सा*

गाउँको पहिचान वनाउन गाउँको नक्सा वनाउने गरिन्छ। गाउँलाई चिनाउने सामाजिक पक्षहरू जस्तै घरधुरी, मठ मन्दिर, पाटी, चौतारा, धारा, कुवा, पोखरी, पसल, कलकारखाना, विद्यालय, मूलवाटो, गोरेटो, स्वास्थ्य चौकी, नदी पहाड आदि के के कहा छन् ती सवै गाउँको नक्सामा देखाइन्छ ।

### *उद्देश्य*

क) कुन घर कसको हो भन्ने पहिचान गर्नु ।
ख) केके सुविधा कस कसले कसरी उपयोग गरी आएका छन्, पहिचान गर्नु ।
ग) नक्सा समुदाय भित्रवाटै वनाउँदा समुदायलाई गाउँको वास्तविक्ता सरल ढङगले वुझाउन मदत गर्नु ।
घ) समुदायविचवाट नक्सा वनाएर समुदायमा रहेको सिपको कदर गर्नु ।

### *प्रक्रिया*

१) समुदायको सहभागिता जुटाउनु । सकभर गाउँको सवै भेकको प्रतिनिधित्व खोज्नु ।
२) समुदायको सल्लाहमा नक्सा वनाउने स्थल चयन गर्नु ।
३) नक्सा वनाउने उद्देश्य छलफल गर्नु ।
४) नक्सा वनाउन कसैले चासो देखाएमा उत्प्रेरित गर्नु ।
५) नक्सा वनाउन प्रयोग गरीने स्थानीय वस्तुहरू वारे छलफल गरी तत्काल जुटाउन अनुरोध गर्ने ।
६) नक्सा कोर्ने ठाउँ तयार पार्नु ।
७) नक्सा कोर्न सुरू गर्ने ।
८) समुदायले नक्सामा के के विषयहरू समावेश गर्ने चासो देखाउछन् सो वुझ्ने ।
९) सकभर सवै विषय समावेश भएको होस् भन्ने वारे छलफल गर्दै लाने ।
१०) ठिकठिक ठाउँमा उपयुक्त विषय वस्तु समावेस भए नभएको वारे छलफल गर्दै जाने ।
११) भुइँमा कोरेको नक्सा कागजमा उतार्न समुदायलाई अनुरोध गर्ने अथवा आफैँले उतार्ने ।
१२) उतारेको नक्सा पुनः प्रस्तुत गर्ने र समावेश भएका विषयहरूमा कुनै थप वा घट भए छलफल गर्ने ।

*गाउँको स्रोत नक्सा*

गाउँभित्र उपलब्ध स्रोत र स्रोतको अवस्था दर्साउने गरी छुट्टै नक्सा वनाउन सकिन्छ । यस्ता नक्सालाई स्रोत नक्सा भन्ने चलन छ । गाउँभित्र प्राय दुई किसिमको स्रोत भेटिन्छ ।

क) प्राकृतिक स्रोत
ख) मानव निर्मित स्रोत

यी छुट्टा छुट्टै स्रोतहरूका लागि छुट्टा छुट्टै नक्सा पनि वनाउन सकिन्छ । उदाहरणका लागि भू-उपयोग नक्सा, वनक्षेत्र देखाउने नक्सा, पाखा, वारी र खेत, सिँचाइ कुलो देखाएको नक्सा ।

*उद्‌देश्य*

क) गाउँभित्र के कस्ता स्रोत उपलब्ध छन् भन्ने वारे सूचना आदानप्रदान गर्नु ।
ख) उपलब्ध स्रोतको अवस्था वारे जानकारी आदानप्रदान गर्नु ।
ग) उपलब्ध स्रोतको अवस्था र उपयोग वा प्रयोगको अवस्था सम्वन्धमा छलफल गर्नु ।
घ) स्रोत प्रति समुदायको धारणा वुझ्नु र स्रोत संरक्षण तथा प्रवर्द्धनमा समुदायको चासो वढाउनु ।

*प्रक्रिया*

स्रोत नक्सा वनाउँदा पनि सामाजिक वा गाउँको नक्सा वनाउँदा अपनाइने प्रक्रिया गर्ने ।

नक्सा तयार गर्दा ध्यान दिनु पर्ने कुराहरू

१) के विषय सम्वन्धी नक्सा तयार गरिने हो सोको वारेमा पूर्व निर्णय गर्नु ।
२) कसको सहभागितामा नक्सा वनाउने हो सोको निर्णय गर्नु ।
३) नक्सा वनाउन उचित ठाउँ छनौट गर्नु ।
४) स्थानीयस्तरमा उपलब्ध सामग्रीहरूको ब्यापक प्रयोग (उपलब्ध भएसम्म) गर्नु ।
५) स्पष्ट देखिने गरी नक्सा कोर्न र उतार्न सहयोग गर्नु ।
६) सकभर सवैले देख्ने गरी भुइँमा नक्सा वनाउन समुदायलाई उत्प्रेरित गर्नु ।
७) नक्सा वनाउन इच्छुक ब्यक्तिहरू पहिचान गर्नु ।
८) नक्सा पुरा गर्न सकभर उपस्थित सवैलाई उत्साहित गर्नु ।
९) नक्सा पुरा भएनभएको पहिचान गर्न उपस्थित समुदायलाई उत्साहित गर्नु ।
१०) कार्यक्रम रमाइलो वातावरणमा सम्पादन गर्ने प्रयास गर्नु ।
११) नक्सा उतार गर्न सहयोग जुटाउन कोसिस गर्नु ।
१२) नक्साको प्रस्तुतिमा सहयोग जुटाउनु ।

गाउँवस्तीको नक्साङ्कन गर्दा तलको नमुना अनुसारको नक्सा वनाउने ।



महाकाली फेत्ली समुदाय, मन्थली  गा.वि.स. वार्ड नं. ५ को समाजिक श्रोत नक्सा

*<u>नक्सा सँगसँगै सहजकर्ता मध्येका १ जनाले तलको नमुना अनुसारको सूची पनि तयार गर्दै जाने ।</u>*

वस्तीको नाम ः                                   वार्ड नं. ....                 वस्तीको मुख्य पहिचान चिन्ह

तीनजना जानिफकारहरूको नाम

१)                                   २)                                   ३)

| घरधुरी नं. | घरमूलीहरूको नाम | जाति | कुल जनसङ्ख्या | | मुख्य पेसा | पेसामा उद्यम भए उल्लेख गर्नुहोला | खेती योग्य जग्गा रोपनीमा | सिचित जग्गा रोपनीमा | आफू सँग भएको चौपायाको सङ्ख्या | परिवारिक आर्थिक अवस्थाको वर्गीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | | | | | |
| १ | राम वहादुर शाही | ठकुरी | ३ | २ | उद्यम | फर्निचर | १५ | १३ | १० | |
| २ | शोभा वि.क. | विश्वकर्मा | ४ | १ | सेवा | आरन | ० | ० | ५ | |
| ३ | पेम्वा दोर्जे लामा | लामा | २ | ३ | कृषि | | ४ | ४ | १० | यो सूचना सम्पन्नता स्तरीकरण गर्ने वेलामा ३ समूहमा विभाजन भई मात्र लिनुहोला |
| ४ | राकेश कुमार झा | वाहुन् | २ | ३ | ब्यापार | पसल | २ | २ | ० | |
| ५ | रामु माझी | माझी | २ | २ | ज्याला | | ० | ० | ५ | |
| ६ | हरिगोपाल उपाध्याय | वाहुन् | ३ | १ | सेवा | पुरोहित्याँइ | ० | ० | ४ | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | |

नोट ः माथि क, ख, ग, घ, ङ, च, छ, ज, झ र ञ लेखिएको सूचना नक्सा वनाउँदाखेरिनै लिने तथा साथसाथै यो टेवुलको तीनप्रति तयार गर्ने (कार्वन प्रयोग गरेर) । तर परिवारको आर्थिक अवस्था वारे सूचना लिन उपलब्ध सम्पूर्ण जानिफकारहरूलाई तीन समूहमा विभाजन गरी छुट्टाछुट्टै ठाउँमा राखी सूचना सङ्कलन गर्नुपर्छ । यसो गर्दा तल ४ प्रकारको परिवारिक अवस्थाको वारेमा जानिफकारहरूलाई जानकारी दिने अथवा उनीहरूवाट स्वंम आफ्नो गाउँवस्तीको सम्पूर्ण घरपरिवाहरूलाई अती गरीव, गरीव, मध्यम तथा सम्पन्न गरी ४ समूहमा विभाजन गर्न लगाउँने तर यसो गर्दा उनीहरूले आफैँ सूचक निर्माण गर्न सक्छन् । उपयुक्त लागे सोही सूचकको प्रयोग गर्ने अथवा परिवारिक अवस्थाको उपयुक्त सूचक समुदायद्वारा वनाउन सहजिकरण गर्ने ।

## *१०.२ समय रेखा*

विगतका दिनहरूमा भए गरेका वा घटेका घटनाले वर्तमान तथा भविष्य वुझ्न धेरै सजिलो हुन्छ । यसै कुरालाई मनन् गरी गाउँको इतिहास तयार गरिन्छ । गाउँको इतिहासलाई समय रेखा भन्ने चलन छ । विगतका दिनहरूमा गाउँमा के कस्ता राम्रा नराम्रा घटनाहरू घटे ती घटनाहरूले के कस्तो प्रभाव वा परिवर्तन ल्याए भन्नेवारे वुझ्ने समय रेखा तयार गरिन्छ ।

*उद्देश्य*

१) कहिले कहिले (कुन कुन मितिमा) के कस्ता घटना घटेछन् सोको पहिचान गर्न ।
२) के कस्ता घटनाले के कस्ता प्रभाव पारेछन् सो पहिचान गर्न ।
३) कस्ता कस्ता घटना त्यस गाउँमा पट्कपट्क घट्दा रहेछन् सोको पहिचान गर्न ।
४) घटना घट्दा समुदायको सहभागिता कस्तो हुँदो रहेछ सोको पहिचान गर्न ।
५) घटना घट्दा समुदायलाई कुन कुन सङस्थाले के कसरी सहयोग गर्दै आएकोछ सोको पहिचान गर्न ।

*प्रक्रिया*

१) विषय हेरी सही जानकारी दिनसक्ने ब्यक्तिहरूको चयन गर्नु ।

२) छलफलमा आएका विवरण सुन्नु र टिप्नु ।

जिल्ला : हुम्ला, गाविसको नाम : सिमीकोट वस्तीको नाम : सिमीकोट वजार वाड नं. : १ देखी ६

गाउँको इतिहास

| साल | घटना | प्रभाव | सहभागिता | |
|---|---|---|---|---|
| | | | आन्तरिक | वाह्य |
| | प्रा.वि. निर्माण | | | |
| | मा.वि. निर्माण | | | |
| | कलेज निर्माण | | | |
| | एयरपोर्ट निर्माण | | | |
| | आमा समूहको गठन | | | |
| | महिला सहकारी स्थापना | | | |
| | ओडारमा पहिरो गएको । | | | |
| | स्याउको वीरूवा वितरण तथा रोपन | | | |

## *१०.३ समूह छलफल*

विश्वसनीयताको दृष्टिकोणवाट सूचनालाई निम्न चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

१) सुनेको

२) अनुमान गरेको

३) मत / विचार / धारणा

४) वास्तविक तथ्य

सुनेका अनुमान गरेका वा व्यक्ति विशेषका विचार विश्वसनीय वा अविश्वसनीय जे पनि हुन् सक्छन् । वास्तवमा तथ्य सूचना, सत्य र विश्वसनीय मानिन्छ । सूचना सङ्कलन गर्दा सूचना सङ्कलन समूहको सम्पूर्ण प्रयास वास्तविक्ता नजिक पुग्नु एकदमै आवश्यक छ । यसो नभएमा गलत सूचनाका कारण भावी सम्पूर्ण क्रियाकलाप गलत हुन् जाने डर रहन्छ । यसो भएमा पछी कार्यक्रमले सही वाटो लिन नसक्ने र कार्यक्रम नै असफल सावित हुन्छ ।

समूह छलफल व्यक्ति विशेषमा भन्दा समूहमा केन्द्रित विधि हो । सूचना सङ्कलन गर्दा व्यक्ति विशेषवाट भन्दा समूहवाट सङ्कलन गर्नु उचित ठानिन्छ ।

समूहवाट सूचना सङ्कलन गार्दा समूह छलफलको क्रममा व्यक्ति विशेषलाई आफूले सुनेका, अनुमान गरेका वा उसका आफ्ना व्यक्तिगत विचारलाई समेत समूहका सहभागीहरू विच आदान प्रदान गर्ने अवसर प्राप्त हुन्छ । तसर्थ व्यक्ति विशेषले आफ्ना भावना, विचारको कदर भएको अनुभव गर्न सक्तछ । यसको साथै छलफलको क्रममा प्रत्येक सहभागीले कुनै पनि सूचनामा आ आफ्ना राय व्यक्त गर्न सक्ने भएको हुँदा यस्ता छलफलवाट निस्केका सूचना व्यक्ति विशेषको नभएर समूहको विचार वन्न पुग्दछन् । जसको कारण समूह छलफलवाट निस्केका विचार सामूहिक विचार ईच्छा, अभिव्यक्ति उत्सुक्ता, सामूहिक प्रतिवद्धता वन्न पुग्दछन् ।

*उद्देश्य*

१) समूहको ईच्छा, आकाङक्षा चाहना, आवश्यक्ता, उत्सुक्ता, तत्परता प्रतिवद्धता, समस्या, समाधानका उपाय, आदि पहिचान गर्न ।
२) समूहविच अन्तरक्रियाको सुरूवात गर्न ।
३) निर्णय प्रक्रियामा सामूहिक संलग्नता जुटाउन ।
४) सवैङको भावना, विचार वा सोचाइको कदर गर्ने परम्परा वसाल्न ।
५) सवैलाई संलग्न हुनुपर्छ भन्ने भावनाको विकास गर्न ।
६) समूह भित्र सशक्तीकरण गर्न ।

*१०.४ समूह छलफलको प्रक्रिया*

१) विषय चयन गर्ने ।

२) आवश्यक सूचना के के हुन् सोको विचार गरी छलफल अगाडी वढाउन छलफल निर्देशिका (चेक लिस्ट) तयार गर्ने ।

३) विषय अनुरूप सही सूचना कस कसवाट प्राप्त गर्नु उपयुक्त हुनेछ सोको विचार गरेर सही प्रतिनिधित्व गर्न सक्ने उचित सङ्ख्यामा ५ देखि ८ जना सहभागी चयन गर्ने ।

४) छलफलका लागि स्थान छनौट गर्ने । यस प्रकारको छलफल १ देखि डेढ घण्टासम्मको हुन् सक्ने भएको हुँदा सजिलो सँग वस्न सकिने ठाउँ छान्नु राम्रो हुन्छ ।

५) वस्ने व्यवस्था मिलाउँदा सकभर गोलाकार रूपमा मिलेर वस्नु राम्रो हुन्छ । यसरी वस्दा कसैले कसैलाई छेक्ने सम्भावना रहँदैन । यसको अतिरिक्त समूह छलफलमा सवैले सवैङको आँखा देख्नु एकदमै आवश्यक छ । खास गरी गलत सूचना प्रदानगर्दा मानिसको आँखामा त्यो झल्किने र अनुहारमा समेत देखिने हुँदा गोलाकारमा वस्नु राम्रो हुन्छ ।

६) सूचना सङ्कलन समूहका सदस्यहरू पनी सहभागीहरू कै साथ वस्नु राम्रो हुन्छ । यसो गर्दा भिन्नता र सहभागी तथा सङकलक समूहविचको भावनात्मक दूरी हटाउन सकिन्छ ।

७) टिपोटर्कर्ता अन्य सदस्यहरूभन्दा अलि पर तर समुदाय सँगै वसेमा टिपोट गर्न सजिलो हुन्छ । वाकी दुई सदस्य ( प्रश्नकर्ता र सचेतक) सँगै रहनु आवश्यक छ ।

८) सूचना सङ्कलन समूहका सवै सदस्यहरूले सहभागीहरूको नाम सम्झनु आवश्यक छ । खासगरी प्रश्नकर्ताले सहभागीहरूलाई छलफलका लागि आह्वान गर्दा नाम लिएर अनुरोध गरेमा आत्मियता वढाउन सकिन्छ ।

९) छलफल सुरू गर्नु पूर्व प्रश्नकर्ताले उद्देश्य वारे छोटो व्याख्या प्रस्तुत गर्नु पर्दछ ।

१०) सङ्कलन समूहको प्रयास सहभागीहरूविच अन्तरक्रिया सृजना गर्ने भएको हुँदा आफूले आफ्ना विचार लाद्ने प्रयास गर्नु हुँदैन ।

११) व्यक्तिगत लाञ्छना लाग्ने खालका विषयहरूमा छलफल केन्द्रित हुन् थालेमा प्रश्नकर्ताले अन्य विषयतर्फ सहभागीहरूको ध्यान केन्द्रित गर्ने प्रयास गर्नु आवश्यक हुन्छ ।

१२) सकभर छोटो उत्तर आउने खालको वन्द प्रश्न नगर्ने, खुला प्रश्न गर्ने ।

१३) छलफलमा उपस्थित सवै सहभागीहरूलाई आआफ्ना विचार व्यक्त गर्न उत्प्रेरित गर्ने ।

१४) छलफलवाट निस्केका निष्कर्षहरू सहभागी समक्ष प्रस्तुत गर्ने र सहभागीहरूको प्रतिक्रिया खोज्ने ।

*१०.५ अर्ध सङठित अन्तर्वार्ता*

केही सूचनाहरू समूहभन्दा वाहिरवाट अर्थात व्यक्ति विशेषहरूवाट सङ्कलन गरीनुपर्ने हुन्छ । उदाहरणका लागि स्वास्थ्यसम्वन्धी सूचना मासिका, सुडेनी, धामी, झाक्रीवाट प्राप्तगर्न सकिएला भने कुनै खास पेसा ईलमका वारेमा सो पेसामा संलग्न व्यक्तिवाट प्राप्त गर्न सकिन्छ । यसरी व्यक्ति विशेषवाट सूचना सङ्कलन गर्दा परम्परागत सर्वेक्षणमा अपनाइने व्यक्तिगत प्रश्नावली भन्दा वेग्लै तरिका अपनाउने विधि अर्ध-सङठित अन्तरवार्ता हो । यस विधिमा प्रश्नावलीको सट्टा अन्तवार्ता निर्देशिकामा (चेक लिस्ट) प्रयोग गरिन्छ । चेक लिस्टमा आफूले चाहेका सूचना आउन

सकुन भनी मुख्य वुदाहरू छोटकरीमा टिपिएको हुन्छ । तर यी टिपिएका मुख्य मुख्य वुदाहरू प्रश्नको रूपमा प्रयोग गरीदैन । एक किसिमले यो पनि छलफल विधिनै हो । छलफल विधि प्रयोग गर्न संभव नहुने (आवश्यक सङ्ख्यामा सहभागी नभएको) अवस्थामा वा सहभागी एकै ठाउँमा जुटन सक्ने सम्भावना नभएमा यो विधि प्रयोग गर्ने गरिन्छ ।

## *१०.६ सम्पन्नता स्तरीकरण*

सवै परिवार एकै हैसियतका हुँदैनन् । सामाजिक, आर्थिक, जातियता, आदि कारणले गर्दा एउटै गाउँ समुदायमा रहेका घरपरिवाको अवस्था फरक फरक देखिन्छ । एकदमै केलाएर हेर्ने हो भने निश्चित रूपले एक परिवारको अवस्था अर्को परिवारसँग ठ्याक्कै मिलेको पाइँदैन । तर सामान्य रूपले हेर्दा केही घर परिवारहरूको आर्थिक तथा सामाजिक अवस्था करिव करिव उस्तै भेटिन्छ । समुदायले यो कुरा वुझेको हुन्छ । यसै कारण समुदायले गाउँका घर परिवारहरूलाई मोटामोटी रूपले विभिन्न स्तरमा राखेर ब्यवहार गर्ने गर्दछन् । सम्पन्नता स्तरिकरण विधि घर परिवारको आर्थिक स्तर पहिचान गर्न र समुदायले स्तर निर्धारण गर्दा प्रयोग गर्ने गरेको सूचकहरू पहिचान गर्न सहयोग गर्दछ ।

*उद्देश्य*

१) सम्पन्नताको दृष्टिकोणले गाउँका घर परिवार कति समूहमा परेका छन् पहिचान गर्न ।
२) कुन समूहमा कति घर परिवार छन् सोको पहिचान गर्न ।
३) कुन समूह के कस्ता सूचकका आधारमा छुट्टयाइएका हुन् ती सूचकहरू पहिचान गर्न ।
४) भावी कार्यक्रमले कुन कुन समूहका सदस्यहरूलाई के कसरी संलग्न गर्नु पर्ने हो । सोको पहिचान गर्न ।
५) आयोजनाको वास्तविक लक्षित वर्गलाई अधिक भन्दा अधिक सेवा तथा सुविधा उपलब्ध गराउन ।

*प्रक्रिया*

१) सहयोगी सहभागी समुदायवाट छनोट गर्दा सकभर गाउँका सवै घर परिवारलाई राम्रोसँग चिनेका ब्यक्तिहरू छनोट गर्नुपर्छ ।
२) यो कार्य सामूहिक छलफलवाट सम्पादन गरिन्छ ।
३) अभ्यास थालनी गर्नुपूर्व सूचना सङकलकहरूले आफ्नो साथमा ए फोर कागज (प्रतिलिपि वनाउने कागज) मा प्रत्येक घरमूलीहरूको घर संकेत नं. सहीत नाम लेखी सकेको हुनुपर्छ ।
४) उद्देश्यमाथी छलफल गर्नुपर्छ ।
५) एक एक घरमूलीको नाम वताउँदै सहभागीहरूले चिनेको नचिनेको वारे सोध्दै जाने सवै घरमूली पहिचान भई सकेपछि दुई घरमूलीविच तुलना गर्न लगाउँने । समुदायले तुलना गर्दा उस्तै उस्तै, धेरै फरक, अलि अलि फरक, माथि र तल जस्ता तुलनात्मक अभिब्यक्तिद्वारा दुइवटाविचको तुलनात्मक स्थिति उल्लेख गर्नेछन् । यसैको आधारमा घरमूलीको नामलाई विभिन्न कोटामा राख्दै जानुपर्छ ।

## <u>१०.७ अती गरिव, गरिव, मध्यम, सम्पन्न घर परिवारका सूचकहरू</u>

| क्र.सं | आर्थिक स्तर | सूचकहरू |
|---|---|---|
| १ | अती विपन्न घर परिवार (*CIP को ३० प्रतिशत अती विपन्न परिवारमा लगानी गर्नुपर्ने व्यवस्था*) | *<u>आर्थिक सूचक</u>*<br>➢ <u>स्थिर सम्पत्ति :-</u> अधिक्रम १ लाख भन्दा कम तथा सो सरहको स्थिर सम्पत्ति रहेको। ( जग्गा जमिन, घर, टहरा, घरायसी मालसामान, गर गहना आदि)<br>➢ <u>प्रति व्यक्ति आय :-</u> रू.११२३३ भन्दा कम रहेको (नेपाल जीवनस्तर मापन सर्वे २०६६/६७ को PCI रू.१८२६१ को Money Inflated रकम रू. २२४६६ को आधा ) वा<br>➢ <u>प्रति व्यक्ति खरिद वा खर्च क्षमता :-</u> रू. १५८७७ भन्दा माथी नभएको । ( *दैनिक प्रति व्यक्ति खर्च क्षमता १ अमेरिकी डलर को आधा - स्रोत PPP-विश्व वैंक १८८०*)<br>➢ <u>पोषणको आधार :-</u> चामल, गहुँ, हरियो सब्जी, दूधजन्य खाद्धान्न वर्षभरीमा ८० दिन भन्दा कम खान पाएको ।<br>➢ <u>रोजगारी :-</u> व्यावसायिक वा कृषी श्रमिककोरूपमा ८० दिन भन्दा कम दिन रोजगारीको अवसर प्राप्त हुन् गरेको ।<br>*<u>सामाजिक सूचक</u>*<br>➢ आफ्ना वालवालीकहरूलाई आफ्नो खर्चमा विद्यालय पठाउँन नसकेको अवस्था वा अन्यको घरमा काममा लगाउँको ।<br>➢ वर्तमानमा उपलब्ध सञ्चारका माध्यमहरू कुनै पनि उपयोग गर्न नपाएको ।<br>➢ हालसम्म कुनै पनि वित्तीय सङस्थाहरू (सहकारी, फाइनान्स कम्पनी, विकास वैङक, वाणिज्य वैङक) वाट कुनै कारोवार गर्न नपाएको ।<br>➢ स्वास्थ्य सङस्थाहरूवाट आफैं रकम तिरी सेवा लिन नसक्ने स्थिति रहेको ।<br>➢ अधिक्रम ५ ओटासम्म वाख्राको मोल वरावरको पशुपङ्क्षी रहेको । |
| २ | गरिव घर परिवार (*आयोजनाको वाकि लक्षित वर्ग*) | *<u>आर्थिक सूचक</u>*<br>➢ <u>स्थिर सम्पत्ति :-</u> अधिक्रम २ लाख भन्दा कम तथा सो सरहको स्थिर सम्पत्ति रहेको। ( जग्गा जमिन, घर, टहरा, घरायसी मालसामान, गर गहना आदि)<br>➢ <u>प्रति व्यक्ति आय :-</u> रू.२२४६६ भन्दा कम रहेको (नेपाल जीवनस्तर मापन २०६६/६७ को PCI रू.१८२६१ को Money Inflated रकम ) वा<br>➢ <u>प्रति व्यक्ति खरिद वा खर्च क्षमता :-</u> प्रति व्यक्ति खर्च क्षमता वार्षिकरूपमा रू. ३१७५५ भन्दा माथि नभएको । (*दैनिक प्रति व्यक्ति खर्च क्षमता १ अमेरिकी डलर - आधार PPP-विश्व वैंक १८८०*) वा<br>➢ <u>पोषणको आधार :-</u> चामल, गहुँ, हरियो सब्जी, दुधजन्य खाद्धान्न वर्षभरीमा १८० दिन भन्दा कम खान पाएको ।<br>➢ <u>रोजगारी :-</u> व्यावसायिक वा कृषी श्रमिककोरूपमा १८० दिन भन्दा कम दिन रोजगारीको अवसर प्राप्त हुन् गरेको । |

| | | |
|---|---|---|
| | | *सामाजिक सूचक*<br>➢ आफ्ना वाल वच्चालाई आफ्नो खर्चमा विद्यालय पठाउँन सकेको।<br>➢ वर्तमानमा उपलब्ध सञ्चारका मध्यमहरू मध्ये रेडियो, टेलिफोन तथा मोवाइल सेवामात्र उपयोग गर्न पाएको ।<br>➢ सामुदायिक सङ्स्था, समूह तथा सहकारी सङ्स्था वाहेकका वित्तीय सङ्स्थाहरूवाट कुनै किसिमको कारोवार गर्न नपाएको ।<br>➢ स्वास्थ्य सङ्स्थाहरूवाट आफैं रकम तिरी प्राथमिक स्वास्थ्य सेवा लिन सकेको<br>➢ अधिक्तम २ ओटासम्म गाईवस्तु वा ५ ओटा सम्म वाख्रा वा १० वटा कुखुराको मोल वरावरको पशुपङ्क्षी रहेको । |
| ३ | मध्यम घर परिवार | *आर्थिक सूचक*<br>➢ <u>स्थिर सम्पत्ति ः-</u> अधिक्रम रू. २० लाखसम्मको स्थिर सम्पत्ति रहेको। ( जग्गा जमिन, घर, टहरा, घरायसी मालसामान, गर गहना आदि)<br>➢ <u>प्रति ब्यक्ति आय ः-</u> रू.२२४६६ भन्दा वढी रहेको (नेपाल जीवनस्तर मापन २०६६/६७ को PCI रू.१८२६१ को Money Inflated रकम ) वा<br>➢ <u>प्रति ब्यक्ति खरिद वा खर्च क्षमता ः-</u> प्रति ब्यक्ति खर्च क्षमता वार्षिकरूपमा रू. ३१७५५ भन्दा माथी भएको । (*दैनिक प्रति ब्यक्ति खर्च क्षमता १ अमेरिकी डलर - आधार PPP-विश्व वैंक १९९०*) वा<br>➢ <u>पोषणको आधार ः-</u> चामल, गहुँ, हरियो सब्जी, दूधजन्य खाद्धान्न वर्षभरीमा ३६५ दिनसम्म खान पाएको ।<br>➢ <u>रोजगारी ः-</u> सेवा विक्री, अन्य ब्यावसायिक, कृषी श्रमिक तथा अन्य कुनै काम गरी आफ्नो लागि ३६५ दिनसम्मको रोजगारी स्रिजना गर्न सकेको वा अवसर प्राप्त हुने् गरेको ।<br>*सामाजिक सूचक*<br>➢ आफ्नो वालवच्चालाई आफ्नो खर्चमा विद्यालय पठाउँन सकेको ।<br>➢ वर्तमानमा उपलब्ध सञ्चारका मध्यमहरू मध्ये अधिकांश सेवाहरूमा पहुँच<br>➢ देशमा उपलब्ध वित्तीय सङ्स्थाहरू (फाइनान्स कम्पनी, विकास वैङक, वाणिज्य वैङक) वाट कुनै एकसँग कारोवार गर्न पाएको ।<br>➢ मध्यमस्तरको स्वास्थ्य सेवा लिन सकेको ।<br>➢ आफूसँग सामान्य परिवाहन भएको ।<br>➢ समाजमा प्रतिस्ठित जीवन यापन गरेको। |

| | | |
|---|---|---|
| ४ | सम्पन्न घर परिवार | *आर्थिक सूचक*<br>➢ स्थिर सम्पत्ति :- रू. २० लाख भन्दा वढीको स्थिर सम्पत्ति रहेको। (जग्गा जमिन, घर, टहरा, घरायसी मालसामान, गर गहना आदि)<br>➢ प्रति व्यक्ति आय :- रू.२२४६६ भन्दा वढी रहेको (नेपाल जीवनस्तर मापन २०६६/६७ को PCI रू.१८२६१ को Money Inflated रकम )<br>➢ प्रति व्यक्ति खरिद वा खर्च क्षमता :- प्रति व्यक्ति खर्च क्षमता वार्षिकरूपमा रू. ३१७५५ भन्दा माथी भएको । (*दैनिक प्रति व्यक्ति खर्च क्षमता १ अमेरिकी डलर - आधार PPP-विश्व वैंक १९९०*) वा<br>➢ पोषणको आधार :- चामल, गहुँ, हरियो सब्जी, दूधजन्य खाद्धान्न, माछा मासु, फलफुल तथा मिठाइ वर्षभरी खान पाएको वा आफूलाई इच्छा लागेको वेला खान पाएको । वा<br>➢ रोजगारी :- वर्षदिनका लागि रोजगारीको अवशर स्रिजना गरेको वा प्राप्त हुने गरेको तथा अन्यलाई पनि रोजगारीको अवसर उपलब्ध गराउन सक्षम रहेको ।<br>*सामाजिक सूचक*<br>➢ आफ्नो वालवच्चालाई आफ्नो खर्चमा अफनो सोच अनुसारको विद्यालय पढाउन सकेको।<br>➢ वर्तमानमा उपलब्ध सञ्चारका मध्यमहरू मध्ये अधिकांश सेवाहरूमा पहुँच भएको ।<br>➢ देशमा उपलब्ध वित्तीय सङस्थाहरू (फाइनान्स कम्पनी, विकास वैङक, वाणिज्य वैङक) मा आफूखुसी पहुँच स्थापना गर्न सकेको ।<br>➢ उच्चस्तरका सवै सेवामा सरल पहुँच भएको ।<br>➢ समाजमा सम्मानजनक जीवनयाँपन गर्न सक्षम रहेको ।<br>➢ आफ्नो आवश्यक्रा अनुसारको यातायातको साधन प्रयोग गर्न सक्षम रहेको। |

६) यसरी सवै घरमूलीको नाम लाई तुलना गरी विभिन्न समूहमा छुट्याउने ।

७) सवैको स्तर अनुरूप समूह वनिसकेपछि सवै भन्दा तलको समूहका कोठामा परेकाहरूको नाम पढेर सुनाउने र त्यस समूहका घर परिवारका जिविकोपार्जनका रणनीतिवारे थाहापाउन समुदायलाई प्रश्न गर्ने । यसरी समूहको सूचक पहिचान हुन्छ ।

८) प्रत्येक समूहको सूचक टिपेर त्यस समूहमा परेका परिवारहरूको घर संकेत नम्वर टिपोट गर्ने । यसरी गाउँ समुदायको सम्पनता स्तरिकरण गर्ने कार्य सम्पन्न गर्ने ।

यसरी सम्पन्नता स्तरीकरण गर्दा नक्सा वनाउँदा जुन सूची तयार पारिएको थियो त्यसमा गर्ने । जहाँ पारिवारिक आर्थिक अवस्थाको वर्गीकरण कोठा छ त्यस्मा भर्दै जनो । जस्तै ...

वस्तीको नाम ः वार्ड नं. .... वस्तीको मुख्य पहिचान चिन्ह

तीन जना जानिफकारहरूको नामः (*नोटः यहाँ जानिफकारहरूको नाम फरक हुन् सक्छ*)

१) २) ३)

<table>
<tr><th rowspan="2">घरधुरी नं.</th><th rowspan="2">घरमूलीहरूको नाम</th><th rowspan="2">जाति</th><th colspan="2">कुल जनसङ्ख्या</th><th rowspan="2">मुख्य पेसा</th><th rowspan="2">पेसामा उद्यम भए उल्लेख गर्नूहोला</th><th rowspan="2">खेती योग्य जग्गा (रोपनी)</th><th rowspan="2">सिंचित जग्गा (रोपनी)</th><th rowspan="2">आफूसँग भएको चौपाया को सङ्ख्या</th><th colspan="4">परिवारिक आर्थिक अवस्थाको वर्गिकरण</th></tr>
<tr><th>महिला</th><th>पुरुष</th><th>समुह (क)</th><th>समुह (ख)</th><th>समुह (ग)</th><th>औषत</th></tr>
<tr><td>१</td><td>राम वहादुर शाही</td><td>ठकुरी</td><td>३</td><td>२</td><td>उद्यम</td><td>फर्निचर</td><td>१५</td><td>१३</td><td>१०</td><td>२५</td><td>५०</td><td>५०</td><td>४१.६७</td></tr>
<tr><td>२</td><td>शोभा वि.क.</td><td>वि.क.</td><td>४</td><td>१</td><td>सेवा</td><td>आरन</td><td>०</td><td>०</td><td>५</td><td>७५</td><td>७५</td><td>१००</td><td>८३.३३</td></tr>
<tr><td>३</td><td>पेम्वा दोर्जे लामा</td><td>लामा</td><td>२</td><td>३</td><td>कृषि</td><td></td><td>२०</td><td>१०</td><td>१०</td><td>२५</td><td>२५</td><td>५०</td><td>३३.३३</td></tr>
<tr><td>४</td><td>राकेश कुमार झा</td><td>वाहुन्</td><td>२</td><td>३</td><td>व्यापार</td><td>पसल</td><td>२</td><td>२</td><td>०</td><td>५०</td><td>१००</td><td>७५</td><td>७५</td></tr>
<tr><td>५</td><td>रामु माझी</td><td>माझी</td><td>२</td><td>२</td><td>ज्याला</td><td></td><td>०</td><td>०</td><td>५</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td></tr>
<tr><td>६</td><td>हरीगोपाल उपाध्याय</td><td>वाहुन्</td><td>३</td><td>१</td><td>सेवा</td><td></td><td>०</td><td>०</td><td>४</td><td>१००</td><td>५०</td><td>५०</td><td>६६.६७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="14">पारिवारिक आर्थिक अवस्थाको वर्गीकरण गर्दा समुदायले जसलाई अती गरिव भने १०० अङ्क, गरिव भने ७५ अङ्क, मध्यम वर्ग भने ५० अङ्क तथा सम्पन्न भने त्यसलाई २५ अङ्क प्रदान गर्नुहोला । यदि कुनै परिवारको प्रमुख पेसाकोरूपमा उद्यम, सेवा विक्री वा व्यापार आएमा उसको पेसा के रहेको छ अनिवार्य खुलाउनुहोला । सम्पन्नता स्तरिकण गर्ने वेलामा जानिफकारहरुलाई तिन समुहमा विभाजन गरि मात्र सञ्चालन गर्नु होला । यस तालिकामा देखाए जस्तो जानिफकार समुह क, समुह ख र समुह ग को औषत निकाल्नुहोला र यसरी १०० अङ्क पाउने अति गरिव र ७५ देखि ८८ सम्म अङ्क पाउन गरिव मान्नुहोला र उनिहरुको घरमा मात्र अधारभुत सर्वेक्षण गर्नुहोला ।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

## *१०.८ प्रवाह चित्र*

सामाजिक परिचालकहरूले विशेष गरी समाज भित्र को कुनै क्रियाकलापको मार्ग चित्र प्रस्तुत गर्न प्रवाह चित्र को प्रयोग गर्ने गरेको पाइन्छ । जस्तै रोजगारी खोजीको अवस्था, विक्री वितरणको अवस्था । आदि




*उद्‌देश्य*

क) एउटै चार्टवाट धेरै किसिमको सूचना प्रवाह गर्नु ।

ख) प्रवाह माथी सकारात्मक नीयन्त्रण गर्न सामूहिक सोचको निर्माण गर्नु ।

*प्रक्रिया*

क) विभिन्न संभाग पहिचान गरी सूची वनाउने ।

ख) पालै पालो सवैङको प्रवाह चित्र सहभागितात्क तरिकाले वनाउने ।

### *१०.८ चपाती चित्र*

चपाती चित्रको प्रयोग खास गरेर गाविसमा काम गरीरहेका विभिन्न सङघ सङस्थाहरूको पहुँच (coverge) तथा संम्वन्धको अवस्था दर्साउनको लागि गरिन्छ । जुन यस प्रकार उल्लेख गर्न सकिन्छ ः




*यसरी त्यस गाउँ वा वस्तीमा काम गर्ने सङस्थाहरूको वारेमा तलको तालिका अनुसारको सूचना सङ्कलन गर्नुहोला ।*

| क्र.सं | सेवा प्रदायक तथा सङघ सङस्थाको नाम | कर्मचारी सङ्ख्या | सेवा प्रदान गर्ने क्षेत्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषि | वन | पशु | वैङकिङ्ग | उद्‌यम | भौतिक पूर्वाधार | स्वास्थ्य | वातावरण | अन्य |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## *१०.१० प्राथमिक्रा स्तरीकरण*

समान पक्रिृतिका एक भन्दा वढी वस्तु वा सेवाविच कुनै एक रोज्नु पर्दा समुदायले के कस्ता कुराहरूलाई आधार मानेर छान्छन् भन्ने वुझ्न प्रयोग हुने् विधि प्राथमिक्रा स्तरीकरण हो ।

*उद्देश्य*

१. समुदायको मुख्य चाहना पहिचान गर्नु ।

२. छनौटका आधारहरू (सूचकहरू) पहिचान गर्नु ।

*प्रक्रिया*

१. आवश्यक्रा र चाहना समूह छलफलवाट पहिचान गर्नु ।

२. कसको सहभागितामा छनौट गरीनु पर्ने हो सोको पहिचान गर्ने ।

३. छनौटको लागि दृष्य प्रस्तुती हुन् सक्ने गरी सामग्री जुटाउने ।

*तरिका*

१. मौखिक रूपले तुलना गर्न लगाउँ ।

२. ठूलोसानो भाव ब्यक्त गर्न सक्ने गरी सिन्का, ढुङ्गा, वा कागजका रोटी चित्र को प्रयोग गरेर चाहनाविच तुलना गर्न अनुरोध गर्ने ।

३) Pairwise Ranking : चाहनाविच तुलना गर्दा दृष्य प्रस्तुती हुने गरी Pairwise Ranking का लागि जमिनमा तालिका वनाएर पनि गर्न सकिन्छ ।

Pairwise Ranking तालिका

| | सिँचाइ | माइक्रो हाइड्रो | खानेपानी | प्रशोधन केन्द्र |
|---|---|---|---|---|
| सिँचाइ | X | सिँचाइ | सिँचाइ | सिँचाइ |
| माइक्रो हाइड्रो | | X | खानेपानी | प्रशोधन केन्द्र |
| खानेपानी | | | X | खानेपानी |
| प्रशोधन केन्द्र | | | | X |
| प्राप्ताङ्क | ३ | ० | २ | १ |

माथी तालिकामा जुनजुन कोठामा जे जे छ त्यस त्यसको सट्टा गेडागुडी अथवा अन्न राखेमा पनि रोचक हुन्छ । यसपछि ठाडो सूचीमा रहेकालाई तेर्सो सूचीमा रहेकोसँग पालैपालो दाज्न लगाउँदै जाने । उदाहरण सिँचाइ र सिँचाइको तुलना भएन त्यसकारण त्यस कोठामा १ राख्ने, त्यस पछि सिँचाइ र माइक्रो हाइड्रो कुन चाहिने होत ? भनेर दाज्दा सिँचाइको चाहना भयो भने कोठामा सिँचाइ वस्ने भयो (अर्थात माइक्रो हाइड्रोको मुनी सिँचाइ मा १ राख्नु पऱ्यो) । एवं रीतले गर्दै जाने र सिँचाइ र खानेपानी को तुलना गर्ने । यसरी एकएक गरी दाँजी सकेपछि ठाडो सूचीमा आएको योग अनुसार कुन सवैभन्दा वढी भयो त्यसलाई वढी रूचाएको मान्न सकिन्छ । यस पद्धतिलाई Pairwise ranking भनिन्छ । यहाँ माथी सिँचाइले तीन अङ्क र अर्कोमा स्याउ चिप्स र स्याउको जुस ले समान ८ अङ्क प्राप्त गरेको छ ।

यसको अर्को तरिका अङ्क प्रदान गरेर गर्न सकिन्छ ।

| तालिमहरू | सिलाइ | पेन्टिङ्ग | आलुचिप्स | अगरवत्ती | मैनवत्री | महखेती | जडीवुटी प्रशोधन | स्याउचिप्स | स्याउ जुस |
|---|---|---|---|---|---|---|---|---|---|
| सिलाइ | १ | ० | १ | १ | १ | १ | १ | १ | १ |
| पेन्टिङ्ग | | १ | ० | १ | १ | १ | १ | १ | १ |
| आलुचिप्स | | | १ | ० | ० | १ | ० | १ | १ |
| अगरवत्ती | | | | १ | ० | १ | ० | १ | १ |
| मैनवत्ती | | | | | १ | १ | १ | १ | १ |
| महखेती | | | | | | १ | ० | १ | १ |
| जडीवुटी प्रशोधन | | | | | | | १ | १ | १ |
| स्याउचिप्स | | | | | | | | १ | ० |
| स्याउ जुस | | | | | | | | | १ |
| प्राप्ताङ्क | १ | १ | २ | ३ | ३ | ६ | ४ | ८ | ८ |

## *१०.११ अवलोकन भ्रमण*

सूचना सङ्कलनको वलियो आधार प्रत्यक्ष अवलोकन हो । सङ्कलन गरीएका सूचनाहरूको विश्वसनीयता यसैमा निर्भर गर्दछ । हुन् त समुदायवाट प्राप्त हुने् सूचनामा विश्वसनीयताको शङ्का नआउनु पर्ने हो । तर कुनै अवस्थामा समुदायले गल्ती गर्न सक्छन् भने ठान्नु निरिह चाही होइन । यसको साथै यसै प्रकारको अवलोकन भ्रमणले समुदायमा थप ज्ञान दिन सक्दछ ।

*प्रक्रिया*

१. सहभागी पहिचान गर्ने ।

२. उद्देश्यमा छलफल गरी भ्रमण मार्ग तय गर्ने ।

३. हिंड्दै हेर्दै जाच्दै अनुभव साट्दै जाने ।

४. अवसर तथा समस्या पहिचान गर्ने ।

५. विद्यमान अवसरहरूवाट कसरी फाईदा लिन सकिन्छ सोको छलफल गर्ने र पहिचान गर्ने ।

६. विद्यमान समस्या कसरी समाधान गर्न सकिन्छ सोको छलफल गर्ने र समाधानको उपायहरूको पहिचान गर्ने ।

*१०.१२ मौसमी पात्रो*

समुदायले महत्व दिने विषयहरू कुन मौसममा कस्तो अवस्थामा रहन्छन् भन्ने वुझ्न मौसमी पात्रो तयार गरिन्छ । अर्थात् मौसमले कसरी असर गर्छ भन्ने वुझ्नका लागि पनि यो मौसमी पात्रोले मदत गर्दछ । वाली चक्र, रोग, श्रम आपूर्ति, वसाइसराइ, खाद्धान्न पर्याप्तता, चाड, पर्व तथा राष्ट्रिय विदा आदि विषयमा केन्द्रित भएर मौसमी पात्रो वनाउन सकिन्छ ।




*प्रक्रिया*

१. विषय छनौट
२. सहभागी चयन (विषय मिल्ने गरी)
३. उद्‌देश्य माथी छलफल
४. पात्रो वनाउने स्थलको छनौट ।
५. मिल्दो जुल्दो सामग्री सङ्कलन । (जस्तै १२ महिना देखाउन सङ्केतकोरुपमा प्रयोग गर्ने वस्तुहरू)
६. छलफलवाट कुन महिनामा के कस्तो लक्ष्यण देखिने हो सो अनुरूप सम्वन्धित महिनामा उपलब्ध सामग्री राखेर सो स्थिति देखाउन सहभागीहरुलाई सहयोग गर्ने ।
७. भुइँमा देखाए अनुरूप कागजमा उतार्ने ।
८. प्रस्तुती र छलफल (सूचना प्राप्त गरीसकेपछि देखाउने)

## ११. थप औजार तथा तालिकाहरू

### ११.१ खाद्धान्नको उत्पादन सम्वन्धी सूचना तालिका

| क्र.सं | उत्पादन हुने खाद्धान्न | प्रति रोपनी औषत उत्पादन दर किलोमा | उत्पादन हुने कूल क्षेत्रफल रोपनीमा | प्रति किलो स्थानीय औषत विक्री मूल्य |
|---|---|---|---|---|
| | त्यस वस्तीका किसानहरूले उत्पादन गर्ने प्रमुख खाद्धान्नको सूची तयार गर्नुहोला | किसानहरूको भनाइमा सो खाद्धान्न प्रति रोपनी कती किलो उत्पादन हुन्छ सोको सूचना सङ्कलन गर्नुहोला । | जुन वस्तीको सूचना सङ्कलन गरिन्छ सो वस्तीमा अनुमानित कती रोपनीमा सो खाद्धान्न लगाउँने गरिन्छ । | यदि स्थानीय स्तरमा विक्री गर्न परे सो खाद्धान्नको विक्री दर के रहेकोछ सोको सूचना लिनुहोला । |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | |

### ११.२ तरकारी वालीको उत्पादन सम्वन्धी सूचना तालिका

| क्र.सं | उत्पादन हुने तरकारी | प्रति रोपनी औषत उत्पादन दर किलोमा | उत्पादन हुने कुल क्षेत्रफल रोपनीमा | प्रति किलो स्थानीय औषत विक्री मूल्य |
|---|---|---|---|---|
| | त्यस वस्तीको किसानहरूले उत्पादन गर्ने प्रमुख तरकारी वालीको सूची तयार गनुहोला | किसानहरूको भनाइमा सो तरकारी वाली प्रति रोपनी कति किलो उत्पादन हुन्छ सोको सूचना सङ्कलन गर्नुहोला । | जुन वस्तीको सूचना सङ्कलन गरिन्छ त्यहि वस्तीमा अनुमानित कती रोपनीमा उक्त तरकारी वाली लगाउने गरिन्छ । | यदि स्थानीय स्तरमा विक्री गर्न परे उक्त तरकारी वालीको विक्री दर के रहेकोछ सोको सूचना लिनुहोला । |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | |

### ११.३ फलफुलको उत्पादन सम्वन्धी सूचना तालिका

| क्र.सं | उत्पादन हुने फलफुल | प्रति वोट औषत उत्पादन दर किलोमा | जम्मा वोट सङ्ख्या | प्रति किलो स्थानीय औषत विक्री मूल्य |
|---|---|---|---|---|
| | त्यस वस्तीको किसानहरूले उत्पादन गर्ने प्रमुख फलफुल वालीको सूची तयार गनुहोला | किसानहरूको भनाइमा सो फलफुल प्रति वोट कति किलो उत्पादन हुन्छ सोको सूचना सङ्कलन गर्नुहोला । | जुन वस्तीको सूचना सङ्कलन गरिन्छ त्यही वस्तीमा अनुमानित कती वोटमा फल लाग्ने गरिन्छ । | यदि स्थानीयस्तरमा विक्री गर्न परे उक्त फलफुलको विक्री दर के रहेकोछ सोको सूचना लिनुहोला । |
| १ | | | | |
| २ | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | |

११.४ उपजको आयात तथा निर्यात सम्वन्धी सूचना तालिका (विगत १ वर्षको)

| क्र.सं | निर्यात हुने खाद्धान्न तथा तरकारीको नाम | निर्यात परिमाण (किलोमा) | आयात हुन् खाद्धान्न तथा तरकारीको नाम | आयात परिमाण (किलोमा) |
|---|---|---|---|---|
| | यस वस्तीवाट वाहिर विक्री हुने कृषी उत्पादनहरूको सूची तयार गर्नुहोला | यस वस्तीवाट अनुमानित उक्त कृषी उत्पादन क्री किलो वाहिर विक्री हुन्छ सो उल्लेख गर्नुहोला | यस वस्तीमा वाहिरवाट भित्र्याउने कृषी उत्पादनहरूको सूची तयार गर्नुहोला | अनुमानित उक्त कृषी उत्पादन कति किलो वाहिरवाट वार्षिकरूपमा भित्र्याईन्छ सो उल्लेख गर्नुहोला |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | |

११.५ जडीवुटी तथा गैरकाष्ट वन पैदावरको निर्यात सम्वन्धी सूचना तालिका

| क्र.सं | उपलब्ध जडीवुटीको नाम | एकाइ | उत्पादन परिमाण | विक्री दर | जम्मा रकम | खरिद गर्ने फर्मको नाम तथा ठेगाना |
|---|---|---|---|---|---|---|
| | लेखाजोखा गर्ने वस्तीवाट कुनै किसिमको जडिवुटी निर्यात भएको अवस्था भए सोको सूची वनाउनु होला | | एकाइ अनुरूपको परिमाण उल्लेख गर्नुहोला | स्थानीय विक्री दर मात्र | | जुन फर्म वा व्यक्तिले खरिद गरीरहेको छ उसको नाम तथा ठेगाना उल्लेख गर्नुहोला |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | | | |

११.६ कवुलियती वन क्षेत्र को उपयोग सम्वन्धी सूचना तालिका

| क्र.सं | कवुलियती वन उपभोक्ता समितिको नाम | NTFP लगाएको क्षेत्रफल | MAPs लगाएको क्षेत्रफल | घाँस विकास गरेको क्षेत्रफल | उपयोग गर्न वाँकी क्षेत्रफल | उपयोगमा आउन नसक्ने क्षेत्रफल | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | | | | |

ग्रामीण लेखाजोखा गरीने क्षेत्रमा कुनै कवुलियती वनक्षेत्र रहेको छ भने सोको वारेमा माथीको तालिका अनुसारको सूचना सङ्कलन गर्नुहोला ।

### ११.७ सामुदायिक पूर्वाधार सम्वन्धी सूचना तालिका

| क्र. सं | सामुदायिक पूर्वाधारको नाम | स्थान | उपयोगअवस्था | | परिमाण | समेटेको क्षेत्र |
|---|---|---|---|---|---|---|
| | | | चालु अवस्था | बिग्रेको अवस्था | | |
| | लेखाजोखा गरीने वस्तीमा रहेको सबै सामुदायिक पूर्वाधार को नाम लिस्ट तयार गर्नुहोला | | अवस्था अनुसार टिक लगाउँनुहोला | अवस्था अनुसार टिक लगाउँनुहोला | सङ्ख्या उल्लेख गर्नुहोला | लाभान्वित विवरण उल्लेख गर्ने |
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| थप भए उल्लेख गर्नुहोला | | | | | | |

### ११.८ ब्यावसायिक तालिम प्राप्त जनशक्तीको सम्वन्धी सूचना तालिका

| क्र.सं | तालिमको नाम | जनशक्तिको सङ्ख्या | सिप उपयोग गरेको वा सोही काममा रोजगार पाएको सङ्ख्या |
|---|---|---|---|
| | लेखाजोखा गरीने वस्तीमा कुनै पनि निकायको सहयोगमा वा आफ्नो खर्चमा कुनै प्राविधिक सिप तालिम, उद्यमशीलता तालिम सञ्चालन भएको भए सो तालिमको नाम उल्लेख गर्नुहोला । | तालिम प्राप्त जनशक्तिको उपलब्ध सङ्ख्या उल्लेख गर्नुहोला । | उल्लेखित तालिम प्राप्त गरेर सोको प्रयोग गरको छ भने रोजगार सृजना गर्न सकेको सदस्य सङ्ख्या उल्लेख गर्नुहोला । |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| थप भए उल्लेख गर्नुहोला | | | |

### ११.९ कृषि(खेती प्रणालीमाा) प्रविधिको प्रयोग सम्वन्धी सूचना तालिका

| क्र.सं | प्रयोगमा आएको प्रविधिको नाम | प्रयोगमा आएको वा नआएको | कैफियत |
|---|---|---|---|
| १. | **हरित गृह** (Tunnel house) | | |
| २. | Threshing (चुट्ने) | | |
| ३. | Paddling (झाँट्ने) | *उल्लेखित प्रविधिहरूको प्रयोग लेखाजोखा गरीने वस्तीमा गरीएको छ भने प्रयोगमा आएको नभए नआएको उल्लेख गर्नुहोला* | |
| ४. | Picking (टिपुवा) | | |
| ५. | Training and pruning (काटछाँट)) | | |
| ६. | Planter (घान रोपुवा) | | |
| ७. | Sower (रोपुवा) | | |
| ८. | Broadcaqmer (छरूवा) | | |
| ९. | Syqmem of Rice Intensification (SRI) (धानको सघनीकरण प्रविधि) | | |
| १०. | User Friendly equipment (प्रयोग गर्न सजिला औजारहरू) | | |

*११.१० पशु विकासको प्रविधि उपयोगसम्वन्धी सूचना तालिका*

| क्र.सं | प्रयोगमा आएको प्रविधिको नाम | प्रयोगमा आएको वा नआएको | कैफियत |
|---|---|---|---|
| १ | उन्नत नश्लसुधार | | |
| २ | कृत्रिम गर्भाधान | | |
| ३ | Brooder (चल्ला उत्पादन) | | |

सहभागितात्क ग्रामीण लेखाजोखा गरीने गाउँ वस्तीमा माथी उल्लिखित पशु विकाससम्वन्धी प्रविधिहरूको प्रयोग गरीएको छ भने गरीएको लेख्नुहोला । यदि प्रयोग गरीएको छैन भने प्रयोग नगरीएको उल्लेख गर्नुहोला । यदि यस वाहेकको अन्य प्रविधि उपयोग गर्न पाएको भए सोको नाम पनि उल्लेख गर्नुहोला ।

*११.११ कवुलियती वन विकासका लागि सिँचाइ प्रविधि सम्वन्धी सूचना तालिका*

| क्र.सं | प्रयोगमा आएको प्रविधिको नाम | प्रयोगमा आएको वा नआएको | कैफियत |
|---|---|---|---|
| १ | पानी सङ्कलन टैङ्क (वर्षा तथा मूलवाट) | | |
| २ | फोहरा सिँचाइ | | |
| ३ | थोपा सिँचाइ | | |
| ४ | लिफ्ट सिँचाइ | | |

सहभागितात्क ग्रामीण लेखाजोखा गरीने गाउँवस्तीमा माथी उल्लिखित कवुलियती वन विकाससम्वन्धी प्रविधिहरूको प्रयोग गरीएको छ भने गरीएको लेख्नुहोला । यदि प्रयोग गरीएको छैन भने प्रयोग नगरीएको उल्लेख गर्नुहोला । यदि यस वाहेकको अन्य प्रविधि उपयोग गर्न पाएको भए सोको नाम पनि उल्लेख गर्नुहोला ।

*१२. सूचना आदान प्रदान*

सूचना आदान प्रदान खास गरी सूचना सङ्कलन तथा सोको वारेमा गरीने सम्प्रेषणलाई जनाउँछ । यो सहभागितामूलक ग्रामीण लेखाजोखा गर्दा सवै भन्दा महत्वपूर्ण पक्ष हो । तसर्थ सूचना आदान प्रदान हुने् माहोल तयार गर्नु प्रथम कार्य हुन् आउँछ । यस अवस्थामा सहजकर्ताले कुनै भुल गरे सोको असर प्राप्त हुने् सूचनामा पर्छ । तसर्थ सूचना लिनदिन तयारी रहि र योजना अनुरूप जानुपर्छ ।

*१२.१. सूचना आदान प्रदान सम्बन्धी योजना चरण :*

यस चरणमा निम्न वमोजिमका कार्यहरू पर्दछन् ,

क) सूचना सङ्कलन पद्धतीको छनौट ।

ख) सूचना सङ्कलन समूहको चयन ।

ग) सूचना सङ्कलन समूहविच छलफल ।

घ) सूचना सङ्कलन समूहविच कार्यविभाजन ।

ङ) सूचना सङ्कलन समय अवधी निर्धारण ।

च) सूचना सङ्कलनका लागि आवश्यक तैयारी ।

*१२.२. सूचना आदान प्रदान चरण*

सूचना सङ्कलनको यो दोस्रो चरणमा निम्न वमोजिमका कार्य पर्दछन् ।

क) सूचना सङ्कलन समूहको पूर्वनिर्धारित प्रक्रियाको प्रयोग ।

ख) सूचना सङ्कलनमा सावधानी ।

ग) सूचना सङ्कलन ।

घ) सूचनाको छड्के जाच ।

ङ) सूचना सङ्कलनमा देखा परेका समस्या समूहमा छलफल गरी समस्या समाधान गर्ने ।

च) सर्वाधिक मात्रामा वौद्धिक्ताको प्रयोग ।

छ) समुदाय सशक्तीकरणको सर्वाधिक मान्यता ।

ज) खुला मन खुला हात जस्ता सिद्धान्तको अनुसरण ।

*१२.३. सूचना विश्लेषण चरण :*

सूचना सङ्कलनको यो तेस्रो चरणमा निम्न वमोजीमका कार्यहरू पर्दछन् ।

क) सूचना सङ्कलन समूहवाट सूचना विश्लेषण ।

ख) सूचना सङ्कलन तथा समुदाय समूह सँग वसेर सूचना विश्लेषण ।

ग) पुनः जाच ।

घ) सूचना सङ्कलन समूहवाट समुदायमा प्रस्तुति

ङ) सूचना सङ्कलन समूहवाट योजना कार्यक्रम तर्जुमा समूहमा प्रस्तुति ।

*१२.४ सूचना सङ्कलन समूह गठन*

सूचना सङ्कलन समूहमा ३ जना रहनु राम्रो हुन्छ । सूचना सङ्कलन समूहका सदस्यहरूविच यस प्रकार कार्य विभाजन भएमा सूचना टिपोटमा हुने गल्ती तथा गलत सूचना सङ्कलनको सम्भावनालाई न्यून गर्न सकिन्छ ।

क) समूह सदस्य मध्ये १ जनाले प्रश्नर्क्ता वा सहजर्क्ताको भूमिका खेल्नुपर्दछ । केवल एकैजनाले मात्र छलफल अगाडी वढाउँमा उपस्थित सहभागीहरू निश्चित विषयमा केन्द्रित भएर छलफल अगाडी वढाउन सकिन्छ ।

ख) अर्का सदस्यले टिपोटर्क्ताको भूमिका खेल्नु पर्दछ । त्यसो भएमा छलफलमा आएका कुनै महत्वपूर्ण सूचना छुट्ने सम्भावना कम हुन्छ ।

ग) तेस्रो व्यक्तिले सचेतकको भूमिका निभाउनु पर्छ । उसको काम आफ्ना साथीलाई अनावश्यक गफ लम्ब्याउनवाट रोक्ने । सहभागीहरूको छलफलमा चासो भए नभएको हेर्ने । यदि र्कै वाहिरीया (उपस्थित सहभागी वाहेक) कसैले भाड्ने सम्भावना देखेमा सो समेत सामाधान गर्ने रहन्छ ।

*१३ सामाजिक कार्यर्क्रमा हुनुपर्ने गुणहरू*

- नरम व्यवहार ।
- अरूको कुरा सुन्ने ।
- कम वोल्ने ।
- पारदर्शी ।
- सहभागिमूलक प्रवृति ।
- समुदायलाई आदर गर्ने ।
- समुदायको समस्या, क्षमता, चाहना, जाँगरको कदर गर्ने वानी ।
- स्थानीय संस्कृतीको ज्ञान ।
- सवैसँग राम्रो व्यवहार ।
- मिठो वोली ।
- मिलनसार ।

## *१४. प्रतिवेदन तयारीको नमुना*

विषय सूची

*परिच्छेद - १*

१.१ सहभागितात्मक ग्रामीण लेखाजोखाको उद्देश्य

१.२ लेखाजोखाको विधि

*परिच्छेद - २*

२.१ गाउँ/टोल/ वस्ती अथवा वडाको परिचय

२.२ पहुँचको अवस्था

२.३ मुख्य पहिचान

२.४ अध्ययन गरीएको समुदाय

२.५ जातीय संरचना

२.६ घरधुरी/परिवार/जनसङ्ख्या

*परिच्छेद - ३*

३.१ स्रोत साधनको परिचालन अवस्था

३.१.१ प्राकृतिक स्रोत

३.१.२ विकासको पूर्वाधारको अवस्था

३.२ आर्थिक क्रियाकलाप

३.३ स्थानीय वजारको अवस्था

*परिच्छेद - ४*

सङ्घ सङ्स्थाहरूविचको अन्तरसम्वन्ध

*परिच्छेद - ५*

सिकाइहरू

*अनुसूचीहरू*

स्रोत नक्सा, सम्पन्नता स्तरीकरण, प्राथमिक्रा स्तरीकरण, चपाती चित्र, प्रवाह चित्र, मौसमी पात्रो तथा विभिन्न तालिकाहरू आदि ।

।।। धन्यवाद ।।।

## योजना (Plan)

मानिस जन्म लिए पछि जीवन जिउन पाउनु उसको मुख्य लक्ष्य हुन्छ । जीवन जिउनको लागि आफूलाई स्थापित गर्छ । यसरी स्थापित गरीसके पछि सम्मानजनक जीवन यापनको लागि आफ्नो अनुकूल जीवनस्तरको निर्धारण गर्छन् र निर्धारित जीवनस्तर प्राप्त गर्न विभिन्न आवश्यक्राहरूको पहिचान गर्छ । तत्पश्चात सो अवश्यक्राहरूलाई पुर्ति गर्नको लागि नीयमित रूपमा विभिन्न किसिमको चेष्टाहरू गर्ने गर्छन् जुनकुरा ब्यक्ति मात्रमा होइन परिवार, समाज, सङस्था वा राष्ट्र सवैमा लागु हुन्छ । यसरी निर्धरित जीवनस्तर प्राप्त गर्नको लागि सवैले (ब्यक्ति, परिवार, समाज, सङस्था वा राष्ट्र) विभिन्न किसिमको क्रियाकलापहरू गर्छन् र यि क्रियाकलाहरू सञ्चालनको ब्यवस्थित दस्तावेज नै योजना हो । गन्तब्य विहीन यात्रा जस्तै योजना विहिन क्रियाकलापको कुनै अर्थ हुँदैन । योजनाले पथ प्रदर्शकको भूमिका खेल्छ ।

यसर्थमा योजना जीवनस्तरको निर्धारण सँग प्रत्यक्ष संवन्धित हुन्छ । योजनालाई परिभाषित गर्दा *"स्वनिर्धारित प्रतिफल प्राप्तिका लागि तत्सम्वन्धित सवालहरूको विद्यमान अवस्थामा धनात्मक तथा ऋणात्मक परिवर्तन ल्याउनको लागि उपलब्ध साधन र स्रोत लाइ निश्चित समयावधिको लागि लक्ष्योन्मुख सन्तुलित वितरण गरीएको दस्तावेज नै योजना हो"* । जीवनसँग संवन्धित सवलहरू वास, गाँस र कपास हो भने जीवनस्तरसँग संवन्धित तिनीहरूको सन्तुलित उपयोग हो । वर्तमान समाजले जीवनस्तरलाई (Living Qmanderd) प्रमुख चार दृष्टिकोण अर्थिक स्तर, पहुँचको स्तर, जोखिमको स्तर र समाजिक स्तरवाट मूल्याङ्कन गर्ने गरेको पाइन्छ ।

### योजनाको प्रमुख अङ्गहरू ।

#### (क) लक्ष्य (Goal) ः

लक्ष्य विहीन योजनाको निर्माण सम्भव छैन किनभने लक्ष्य जहिले पनि आवश्यक्रा पूर्तिको लागि निर्धारण गरीएको हुन्छ । आवश्यक्रा निर्धारित जीवनस्तरको उपज हुन्छ । तसर्थ लक्ष्य प्राप्तिहरूको लागि विभिन्न क्रियाकलापहरूको निर्धारण गरिन्छ र निर्धारित क्रियाकलापहरू योजनाभित्र सह सम्वन्धीत (Correlative) हुने गरी क्रमिकरूपले राखिएको हुनुपर्छ ।

#### (ख) स्रोत (Resource) ः

स्रोत योजनाको दोस्रो प्रमुख अङ्ग हुन् । योजनाको हकमा स्रोत प्रमुखतया दुई किसिमको हुन्छ आर्थिक तथा मानविय । यि दुवै स्रोतहरूको वितरण लक्ष्य अनुरूप गरीएको हुनुपर्छ । लक्ष्य भन्दा विपरीत वा भिन्न वितरण भएमा निर्धारित जीवनस्तर प्राप्त गर्नको लागि क्रियाकलापहरूको प्रतिफलले अपेक्षित सहयोग गर्न सक्दैन । तसर्थ योजना तर्जुमाको प्रमुख उद्देश्य स्रोतको न्यायोचित वितरण पनि हो ।

#### (ग) समय (Time) ः

सबैको लागि समय निश्चित छ । निर्धारित समयभित्र लक्ष्य हासिल गर्न नसकेको ब्यक्ति, परिवार, समाज वा राष्ट्र असफल सावित हुन्छ असफलताको अर्थ "भन्दा पछाडि" भन्न अन्याय हुँदैन होला । अर्थात समयको सदुपयोग गर्न नसके पछाडि परिन्छ । उपलब्ध समयको पूर्ण हिस्सालाई सही सदुपयोग गरी निर्धारित जीवनस्तर प्राप्त गर्नु कुनै पनि योजना को निहित उद्देश्य हुन्छ । तर्सथ योजनाको सफलता तथा असफलतामा समयको वितरणको पनि महत्वर्पूण भूमिका हुन्छ ।

## योजनाको प्रकार (Types of plan) ः

### (क) लक्ष्यको अधारमा (Base on target)

- सकारात्मक ः ब्यक्ति वा सामुहिक हित तथा विकासको सवालमा लक्ष्य केन्द्रित गरी सकारात्मक परिर्वतनका लागि तर्जुमा गरीएका योजनाहरू जस्तै वन विकास योजना, ब्यावसायिक योजना, कृषी विकास योजना आदि
- नकारात्मक ः ब्यक्ति वा सामुहिक अहितहुने् लक्ष्य केन्द्रित योजनाहरू लाई नकारात्मक योजना अथवा सर्यन्त्र पनि भन्ने गरिन्छ । यस्ता योजना अत्यधिक ब्यक्तिवादी हुने गर्छन् जस्तै युद्धका लागि योजना आदि ।

### (ख) अवधिको आधारमा (Base on time period)

- अल्पकालीन ः समान्यतया एक वर्ष भन्दा कम समयका लागि तयार परिएका योजानहरू प्रायः कुनै एउटा घटना वा तत्कालीन लक्ष्य प्राप्तिको लागि तयार गरीएको हुन्छ ।
- आवधिक ः एक वर्ष भन्दा वढी ५ वर्ष सम्मको योजनालाई आवधिक योजना भन्न सकिन्छ ।
- दिर्धकालीन ः पाँच वर्ष भन्दा अधिक दिन तथा जीवन लक्ष्य लाई केन्द्रित गरी तयार पारेका योजना।

### (ग) क्षेत्रको अधारमा (Base on coverage)

- विशेष क्षेत्रगत ः कुनै एक जिल्ला वा क्षेत्रलाई समेटी निर्दिष्ट समुदाय वा वर्गको कुनै एक पक्षको तत्कालीन अवस्थालाई लक्षित गरी तयार पारिएका योजनाहरू । जसको प्रभावमा अन्य समुदायहरूको कुनै संलग्नता रहेको हुँदैन । जस्तै गरिवी निवारणका योजनाहरू, धार्मिक योजनाहरू, वन विकासका योजनाहरू, कृषी विकास का योजनाहरू आदि
- सङ्ग्रहीत क्षेत्र ः समग्र देश वा लक्षित क्षेत्रमा वसोवास गरेको सवै क्षेत्रमा सम्पूर्ण प्रभाव पार्ने योजनाहरू । जस्तै देश विकासका आवधिक योजनाहरू, आयोजनाहरू आदि ।

## योजना तर्जुमाको उद्देश्यहरू ः

योजना निर्माण गर्नका विभिन्न उद्देश्यहरू हुन् सक्छन् तर केही प्रमुख उद्देश्यहरू यस प्रकार रहेको छ ।

(क) स्वनिर्धारित लक्ष्य प्राप्ति ः (ख) समयको सही सदुपयोग गर्नु ः

(ग) लगानी गर्न तथा लगानीकर्ताहरू लाई आकर्षित गर्ने आधार तयार गर्नु ः

(घ) अनुगमन सजिलो गर्नु । (ङ) आफ्नो परिकल्पना लाई पुरा गर्नु ।

(च) स्रोतको उचित व्यवस्थापन तथा वितरण गर्नु । (छ) उपयुक्त रणनीति तयार गर्न ।

(ज) भैपरी आउने समयको लागि पुर्व तयार हुन । (झ) को, के, कहाँ, कहिले र किन आदि प्रश्नहरूको जावफ खोज्न र परिक्षण गर्न ।

## योजना तर्जुमाको प्रक्रियाहरू ः

(क) विद्यमान स्थिति र आवश्यक्रा पहिचान

(ख) आवश्यक्रा को वर्गीकरण तथा छनौट

(ग) आवश्यक्रा सुचीकरण तथा समर्थन सङ्कलन

(घ) आवश्यक्रा र स्रोतको तुलनात्मक परीक्षण

(ङ) आवश्यक्रा अनुसारको क्रियाकलाप निर्धारण

(च) क्रियाकलाप अनुसारको स्रोत वितरण

(छ) कार्य योजना तर्जुमा

(ज) पुनः परीक्षण तथा समर्थन र दस्तावेजीकरण

## विद्यमान स्थितिको पहिचान ः

यसको पहिचान विभिन्न उद्देश्यले गरीने गरिन्छ । पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजनाको लक्ष्य अनुरूप लक्षित घर परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि आवधिक तथा विशेष क्षेत्रगत कार्ययोजना तयार गर्न विद्यमान अवस्थाको पहिचानका लागि आधारभूत सर्वेक्षण प्रश्नावलीको नमुना तयार गरीएको छ । यस आधारभूत सर्वेक्षण फारम अनुसार जम्मा ८ खण्डमा लक्षित घर परिवारहरूको सूचना लिने प्रयास गरीएको छ । सवै खण्डहरूको सूचना लक्ष्योन्मुख उपलब्धि हासिल गर्न तथा सोको मापन गर्न उपयुक्त रहेको छ ।

## १. परिचयात्मक खण्ड ः

यस खण्डमा लक्षित घर परिवारको प्रमुख महिला सदस्य, पुरूष सदस्य लगायत परिवारका अन्य सम्पूर्ण सदस्यहरूको ठेगाना सहीत, पेसा, जात, धर्म, वैवाहिक अवस्था, शैक्षिक अवस्था, उमेर तथा रोजगारी आदिको वैयक्तिक विवरण लिइनेछ । जसले गर्दा लक्षित परिवारको विस्तृत परिचय विवरण आयोजनाले सङ्कलन गर्न सक्छ । यसरी सङ्कलन गरीएको परिचयात्क पहिचानले आयोजनाको कार्यक्षेत्र तथा आयोजनाको पहुँचको वारेमा सूचना सङ्कलित हुनेछ । समान्यतया घरमूलीको वारेमा मात्र विस्तृत विवरण लिइने चलन प्रायः जसो विकासे सङस्थाहरूमा रहेको पाइन्छ तर यस आयोजनाले आयोजना लागु भएको प्रत्येक गाविसमा गरिव तथा अति गरिव घर परिवारहरूको जीवन स्तर सुधार गर्न सक्ने मागमा अधारित सामुदायिक लगानी योजना (community Inveqmment Plan) वनाउनुपर्ने र सोको लागि स्थानीय स्तरमा समुदाय आयोजना समन्वय एकाइ (CPCU) गठन गर्नु पर्नेछ । जसको सदस्य परिवारको प्रमुख महिला र पुरूष दुवै रहने भएकोले दुवैको वारेमा विस्तृत सूचना सङ्कलन गर्न लागिएको हो ।

२. पारिवरिक सम्पत्ति विवरण :

आयोजनाको लक्ष्य अनुरूप आयोजनाको अन्त सम्ममा लक्षित घर परिवारको भौतिक तथा वित्तीय सम्पत्तिहरूमा २० प्रतिशतले वृद्धि भएको वा नभएको सोको पहिचान गर्नको लागि लक्षित घर परिवारहरूको वर्तमानमा रहेको भौतिक तथा वित्तीय सम्पत्तिहरूको विवरण लिनु आवश्यक रहेकोछ । तसर्थ यस खण्डमा सेवाग्राहीहरूको सम्पत्तिहरूको विस्तृत विवरण लिइने प्रयास गरीएको छ । अर्को पक्ष परिवारको भौतिक सम्पत्तिले त्यस परिवारको समृद्धिको पनि वर्णन गर्ने भएकोले लक्षित वर्गको सही पहिचान गर्न साथै यसैको आधारमा ब्यक्तिहरूको उपलब्ध स्रोत साधनहरूमा पहुँच तथा उपयोगको अवस्था पहिचान गर्न सकिने हुन्छ । सोको लागि पनि यो सूचना सङ्कलन आवश्यक रहेको छ । गरिव तथा अति गरिव पहिचान गर्ने प्रमुख सूचक पनि भौतिक सम्पत्ति रहेकोले यसको सही पहिचान गर्न जरूरी रहेको छ । जग्गा जमिनको मुल्याकण गर्दा सरकारी मुल्याकनलाई अधार मानि गर्नू होला ।

३ परिवारिक वार्षिक आम्दानी विवरण :

आयोजनाका लक्षित वर्ग अति गरिव र गरिव परिवारहरू भएकोले गरिवी पहिचान गर्नको लागि परिवारको वर्तमान आम्दानीको स्रोत तथा सोको आम्दानी पहिचान गर्न अत्यन्त आवश्यक रहेको छ । प्रति ब्यक्ति आय गरिव पहिचान गर्ने प्रमुख सूचक पनि हो । तसर्थ यो खण्डको सूचना सङ्कलन गर्ने प्रयास गरीएको छ ।

४ वार्षिक खर्च विवरण :

प्रत्येक परिवारको क्रय समताको वृद्धिहुनु पनि गरिवी न्युनीकरणको एक प्रमुख सूचक रहेको छ । आयोजनाको मूल लक्ष्य गरिवी न्युनीकरण रहेकोले आयोजनाको अन्तमा यसको प्रभाव मूलयाङ्कन गर्नको लागि यो सूचना लिनु अपरिहार्य रहेकोले पनि परिवारको वार्षिक खर्च विवरण लिन खोजिएको हो । अर्को पक्ष परिवारिक अपब्ययहरूको वारेमा अध्ययन र सोको नीयन्त्रण गर्नको लागि आवश्यक रणनीति तयार गर्न आयोजनालाई सहयोग पुग्ने भएकोले यो सूचनाको महत्व वढेको छ ।

५ ऋण तथा सापटी विवरण :

लक्षित परिवारहरूको विभिन्न वित्तीय सङ्स्थाहरू सम्मको पहुँच तथा ऋणको सदुपयोगिताको अवस्था विश्लेषण गर्न यस सूचनाले आवश्यक सहयोग पुग्ने भएको । साथै परिवारको वित्तीय अवस्थाको वर्णन गर्न पनि सजिलो हुन्सक्नेछ । स्थानीय स्तरको ऋणको माँग तथा नयाँ वित्तीय सङ्स्थाहरूको आवश्यक्राको पनि पहिचना गर्न सकिने हुन्छ । यसको आधारमा आयोजनाले कार्यक्रम सञ्चालनका दैरानमा लघु कर्जामा पहुँचको लागि गरीने उपयुक्त प्रयासहरूको चयन तथा निर्धारण गर्नको लागि आवश्यक रणनीति तर्जुमा तथा सोको विकास गर्न मदत पुग्ने भएको यो सूचना सङ्कलन गरीएको हो ।

६. वाल वालीकहरूको पोषण विवरण ः

आयोजनाको दुई वटा अन्तिम उद्देश्य मध्ये वाल वालिकाहरूलाई पोषणको जोखिमवाट माथि निकाल्नु एउटा प्रमुख उद्देश्य रहकोले यस खण्डको सूचनाले कुपोषण न्युनीकरण गर्नको लागि आयोजनालाई वर्तमानको पोषण अवस्था विश्लेषण तथा आयोजना अवधिको लागि आवश्यक योजना तर्जुमा गर्नको लागि उपयोगी सिद्ध हुने देखिन्छ । तसर्थ यो सूचना सङ्कलन गरीएको हो ।

७. खाद्यान्न आपूर्तिको विवरण ः

आयोजनाको लक्ष्य अनुरूपको लक्षित घर परिवार पहिचानको लागि खाद्यान्न उपयोग तथा आपूर्ति एउटा प्रमुख सूचक रहेकोछ। यसको आधारमा लक्षित वर्गको छनौट गर्न सकिनेछ । साथै भोक विरूद्धको आयोजनाको लडाइँलाई आवश्यक रणनीति अन्तर्गत अगाडि वढाउन तथा कृषी क्षेत्रको विकासका लागि अपनाइने उपायहरूको पुस्ट्याईहरूको लागि यो सूचनाको आधारमा उल्लेखनीय सहयोग पुग्ने देखिन्छ ।

८ स्रोतमा पहुँचको अवस्था ः

